# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ४ अङ्क २३ पूर्णाङ्क १६८ | २०७६ पुस २८ गते सोमबार | Monday, 13 Jan, 2020 | पृष्ठ ८ | मूल्य रु. १०|-

## 'देश र जनताको निम्ति अविचल रहनु नै भक्तबहादुर श्रेष्ठको आदर्श हो'






काठमाडौं । नेपाली कम्युनिस्ट आन्दोलनका स्थापित तथा अग्रज नेता भक्तबहादुर श्रेष्ठको आठौं स्मृति दिवस मनाइएको छ । भक्तबहादुर स्मृति प्रतिष्ठानले आइतबार इच्छुक प्रतिष्ठानमा एक कार्यक्रम गरी *बाँकी ४ पेजमा*

# चार महिने राष्ट्रिय स्वाधीनताको अभियानमा क्रान्तिकारी माओवादी

## माघ १५ गते काँकडभिट्टा, काठमाडौं, पोखरा र कञ्चनपुरबाट एकसाथ उद्घाटन गरिने



काठमाडौं । पार्टीको केन्द्रीय निर्णयअनुसार नेकपा (क्रान्तिकारी माओवादी)ले चार महिने राष्ट्रिय स्वाधीनताको अभियान सञ्चालन गर्ने निर्णय गरेको छ। पार्टीको हालै सम्पन्न स्थायी समितिको बैठकले अभियान सम्बन्धी ठोस कार्यक्रम तय गरेको छ। पार्टी, देजमो, जबस र जातीय मोर्चाहरूलाई एकसाथ केन्द्रित गरी देशव्यापी रूपमा अभियान सञ्चालन गर्ने निर्णय गरेको छ । क्रान्तिकारी माओवादीले अभियान सञ्चालनसम्बन्धी एक निर्देशिका नै तयार पारी जारी गरेको छ ।

निर्देशिका अनुसार चार महिनासम्म चल्ने अभियानको नाम 'राष्ट्रिय *बाँकी ५ पेजमा*

## प्रदेशको नामाकरणको विरोधमा नेवाः र ताम्सालीङ मोर्चा उत्रिए सडकमा




काठमाडौं । दशवर्षे जनयुद्ध, ०६२/०६३ को जनआन्दोलन, मधेश आन्दोलन तथा आदिवासी जनजाति आन्दोलनको मर्म *बाँकी ५ पेजमा*

## सिडिओमार्फत् प्रधानमन्त्रीलाई देजमोको ज्ञापनपत्र



गोरखा । नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल गोरखा जिल्ला समितिले *बाँकी पृष्ठ ४ मा*

# क्रान्तिकारी माओवादी कालिकोटको सेक्रेटरीमा कर्ण बिसी

## *विभिन्न पार्टी परित्याग गरी २८ जना पार्टी प्रवेश, देजमो, युवा, विद्यार्थी र महिला संगठन निर्माण*





कालिकोट । नेकपा (क्रान्तिकारी माओवादी) कालिकोटको जिल्ला भेला सम्पन्न भएको छ । भेलाले कर्णबहादुर बिसीलाई सेक्रेटरीमा चयन गरेको छ । सैयौंको जनसहभागितामा कालिकोटको मान्मामा निकालिएको जुलुस भेलामा परिणत भएको थियो । भेलालाई पार्टीका पीवीएम तथा कर्णाली प्रदेश इन्चार्ज सीपी शर्माले प्रमुख वक्ताको रूपमा सम्बोधन गरेका थिए । पुस २६, २०७६ मा सम्पन्न भएको क्रान्तिकारी माओवादी कालिकोटको भेलामा कर्णाली प्रदेशका सेक्रेटरी कृष्ण गुरुङ, क्रान्तिकारी युवा लिग, नेपालका महासचिव दिलबहादुर कठायत, अखिल (क्रान्तिकारी)का महासचिव पेशल दाहाल लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

*बाँकी ४ पेजमा*

# नेवाः राष्ट्रिय मुक्ति मोर्चा ३ नं. प्रदेशको सम्मेलन सम्पन्न, अध्यक्षमा श्रीकृष्ण सुलु निर्वाचित



● **अमिट योञ्जन**

ललितपुर। नेकपा (क्रान्तिकारी माओवादी) निकट नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाल ३ नं. प्रदेशको प्रथम सम्मेलन भव्य रूपमा सम्पन्न भएको छ । क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेलको प्रमुख आतिथ्यतामा सम्पन्न सम्मेलनले श्रीकृष्ण सुलुको नेतृत्वमा केही सदस्य पछि थप्ने गरी ३१ सदस्सीय प्रदेश कमिटि निर्वाचित *बाँकी ७ पेजमा*

# सूचना प्रविधि विधेयक खारेज गर्न क्रान्तिकारी पत्रकार महासंघको जोडदार माग


क्रान्तिकारी पत्रकार महासंघ
Federation of Revolutionary Journalist
केन्द्रीय समिति
Central Committee
Email: frj.letter@gmail.com

काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघले एक वक्तव्य जारी गरि डप्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी सूचना तथा प्रविधि विधेयक खारेज गर्न माग गरेको छ। महासंघका अध्यक्ष इन्द्र राउतले शनिबार एक वक्तव्य जारी सूचना तथा प्रविधि विधेयक खारेजीको माग गरेका हुन् । उनले जारी गरेको वक्तव्यमा भनिएको छ, 'सूचना तथा प्रविधि विधेयकभित्रका अधिकांश दफा तथा प्रावधानहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र संविधान प्रदत्त नागरिकको मौलिक अधिकारलाई समेत प्रतिबन्ध लगाउने देखिएकोले यो विधेयक तत्काल खारेज गर्न हाम्रो संगठन जोडदार माग गर्दछ ।'

वक्तव्यमा वर्तमान केपी शर्मा ओली नेतृत्वको सरकारले चौतर्फी विरोधका बाबजुद एकपछि अर्को नियन्त्रणमुखी र निरंकुश विधेयहरू ल्याएर फासिवादी शासनका निम्ति *बाँकी ४ पेजमा*

# युद्धाक्रान्त पश्चिम एशिया (मध्यपूर्व) र युद्ध पिपासु अमेरिकी साम्राज्यवाद

***इरानको सत्ताले त्यहांको अर्थव्यवस्थाको जर्जरताका कारणले गर्दा तेल र ग्यासको भण्डार भएको देश भएता पनि राजस्व उठाउन ती वस्तुहरुको मूल्यमा वृद्धि गर्नु पर्ने अवस्था सिर्जना भएकोछ। जुन कार्यको विरोधमा इरानी जनताहरु सडकमा उतरेका थिए र त्यहांको सत्ताले निर्मम दमन र हत्या गरेको थियो***



● **परि थापा** ●

बर्तमान विश्वको राजनीतिक मानचित्रमा अवस्थित भौगोलिक क्षेत्रहरूलाई तुलनात्मक रूपमा अवलोकन गर्दा पश्चिम एशिया (मध्यपूर्व) क्षेत् जहां इरान, इराक, सिरिया, लेबनान, प्यालेस्टाइन, इजरायल, जोर्डन, सउदी अरब, कुवेत, बहराइन, कतार, संयुक्त अरब इमिरेट्स, ओमान र यमन गरि चौध वटा राष्ट्रराज्यहरू अस्तित्वमा रहेकाछन र एक वा अर्को रूपमा सबैभन्दा बढी युद्ध विभिषिकामा परेका छन् । ती मध्ये इराक, सिरिया र यमन लामो समयदेखि चलिरहेको गृहयुद्धबाट ग्रस्त भैरहेकाछन भने प्यालेस्टाइन आफ्नो स्वतन्त्रता र स्वाधीनतका लागि इजरायली विस्तारवादद्वारा आक्रान्त बनिरहेकोछ र आफ्नो स्वतन्त्रता र स्वाधीनता प्राप्तिका लागि संघर्षरत रहेकोछ । त्यसैगरि इजरायल बाहेक समग्र पश्चिम एशियाली क्षेत्रका देशहरू आफुलाइ क्षेत्रीय शक्तिका रूपमा स्थापित गराउने महत्वकांक्षाका साथ अगाडी बढिरहेका दुई प्रतिस्पर्धि देशहरू इरान र साउदी अरबको पक्ष-विपक्षमा विभक्त भएर दुई विपरीत खेमामा बांडीएका छन ।

इरान र साउदी अरबको सन्दर्भमा भन्नु पर्दा उनीहरू सदैव आम्ने-साम्नेको अवस्थामा रहेको प्रतित हुन्छ । *बाँकी ७ पेजमा*

## सम्पादकीय

# सूचना प्रविधि विधेयक तत्काल खारेज गर !

कम्युनिस्ट तथा वाम आवरण बोकेको केपी ओली नेतृत्वको वर्तमान सरकारले कम्युनिस्ट नामलाई नै बदनाम गरेको छ । आफूलाई लोकतन्त्रको मसिहा ठान्ने सत्तारुढ डबल नेकपा तथा ओली नेतृत्वको सरकारले एकपछि अर्को फासिवादी चरित्र प्रदर्शन गर्दै गएको छ । भ्रष्टाचार, अनियमितता, हत्या, बलात्कार, हिंसा, महंगी, कालोबजारी, बेरोजगारीको पर्याय बनिरहेको ओली सरकारको आलोचना चुलिएर गएसँगै सुशासन र पारदर्शितालाई अवलम्बन गर्ने भन्दा पनि प्रेस तथा नागरिकहरूको आलोचनालाई प्रतिबन्ध लगाउन विभिन्न काला कानुनहरूको तर्जुमा लागिपरेको छ । ओली सरकारले प्रेस तथा मिडियाको आलोचनात्मक चेतमाथि विभिन्न विधेयक ल्याएर प्रहार गरिरहेको छ । सरकारको आलोचना गरेर समाचार लेखेमा जेल जानुपर्ने र कडा सजाय भुक्तान गर्नुपर्ने प्रावधान राखेर विभिन्न विधेयकहरू ल्याइरहेको छ । पछिल्लो पटक ल्याएको सूचना प्रविधि विधेयकले त सरकारको आलोचना (सामाजिक सञ्जालमार्फत् समेत) गरे जन्मकैदको सजाय भुक्तान गर्नुपर्ने सम्मका प्रावधानहरू राखेर प्रेस तथा आम नागरिकलाई आतङ्कित पार्ने काम गरिरहेको छ । सरकारको विरोधी तथा प्रतिपक्षी आवाजलाई दबाउन तथा प्रतिबन्ध लगाउन र आफ्नो स्वेच्छाचारितालाई बेलगाम छाड्न यस्ता प्रावधानहरू राखिएका छन् ।

कानुनविद् तथा सञ्चार विज्ञहरूले प्रस्तुत सूचना तथा प्रविधि विधेयक खारेजी गर्नुपर्ने र सम्बद्ध सरोकारवालाहरूको वृहत् र सघन छलफल गरी नयाँ विधेयक तर्जुमा गर्नुपर्ने आवाज उठाइरहेका छन् । क्रान्तिकारी पत्रकार महासंघले पनि एक वक्तव्य जारी गरी सूचना प्रविधि विधेयक प्रेस तथा विचार अभिव्यक्ति स्वतन्त्रताविरोधी रहेकोले तत्काल खारेज गर्न माग गरेको छ । उक्त संगठनका अध्यक्ष इन्द्र राउतले यही शनिबार जारी गरेको वक्तव्यमा सूचना तथा प्रविधि विधेयकभित्रका अधिकांश दफा तथा प्रावधानहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र संविधान प्रदत्त नागरिकको मौलिक अधिकारलाई समेत प्रतिबन्ध लगाउने देखिएकोले यो विधेयक तत्काल खारेज गर्नुपर्ने ठहर गरेको छ । वक्तव्यमा विगतका निरंकुश शाह तथा राणा शासकहरूलाई समेत बिर्स्याउने गरी फासिवादी शासनको कानुनी आधार तयार पार्न यस्ता विधेयकहरू ल्याएको पनि दावी गरिएको छ । प्रेसको घाँटी निमोठ्ने र संविधान प्रदत्त मौलिक अधिकारमाथि ठाडो हमला बोल्ने गरी ल्याएको विधेयकप्रति नेपाल पत्रकार महासंघ लगायत सम्बद्ध संघ संगठनहरूले साँधेको मौनताप्रति नागरिक समाज समेतले प्रश्न उठाइरहेको छ । कतिपय राजनीतिक दलका नेताहरूले समेत 'नेपाल पत्रकार महासंघ के गरिबसेको छ ?' भनी सार्वजनिक टिप्पणीसमेत गरिरहेका छन् । पछिल्ला दिनमा नेपाल पत्रकार महासंघले सत्ताकै एजेण्डा बोकेर हिंडेको र नागरिकको अगुवा तथा सम्बद्ध संघ संगठनहरूको छाता चरित्रको भूमिका गुमाउँदै गएको टिप्पणी भइरहेको छ । त्यस्तै नागरिक समाज तथा मानवअधिकार वृतबाट पनि अपेक्षित भूमिका निर्वाह नभएको सार्वजनिक टिप्पणी हुने गरेको छ ।

सरकारले ल्याएका साइबर कानुन, देवानी कानुन, मिडिया काउन्सिल विधेयक, सूचना प्रविधि विधेयक आदि सबै प्रेस तथा जनअभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रण गर्ने उद्देश्यबाट निर्देशित रहेका छन् । यसर्थ, राजनीतिक पार्टी, नागरिक समाज, प्रेस जगत र प्रेससँग सम्बन्धित संघ संगठनहरूले विरोध गरिरहेका छन् ।

स्थानीय नेवाः समुदाय सडकमा उत्रिएपछि गुठी विधेयक फिर्ता लिन सरकार बाध्य भए जसरी सडकमा उत्रिएर सार्वजनिक दबाब सिर्जना नगरेसम्म सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी विधेयकहरू फिर्ता लिने देखिन्न । तसर्थ, सम्पूर्ण प्रेस जगत, सम्बन्धित संघ संगठन, नागरिक समाज, राजनीतिक पार्टीहरू तथा आम नागरिक समेत सडकमा उत्रिएर सूचना प्रविधि विधेयक फिर्ता लिने परिस्थिति सृजना गर्न जरुरी छ । यो परिस्थिति सृजना हुनु अगावै ओली सरकारले तत्काल यो विधेयक खारेज गरी सरोकारवाला पक्षसँग सघन विशर्म गरी नयाँ व्यावहारिक, प्रेस तथा जनताको अभिव्यक्ति स्वतन्त्रतामैत्री नयाँ विधेयक तर्जुमा गरोस् । जबर्जस्त आन्दोलनमा धकेल्ने परिस्थिति स्वयम् ओली सरकारकै निम्ति प्रत्युत्पादक सावित हुनेछ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।

www.moolbato.com

# नेपालमा माओवादी जनयुद्ध–एक विश्लेषण

"...एकपटक हतियार उठाएपछि त्यसलाई अन्तसम्म लैजाने दृढता बिना सशस्त्र संघर्षको थालनी गर्नु सर्वहारा वर्ग एवम् आम जनता प्रति अपराध हुने कुरामा हामी दृढ छौं । यो संघर्ष जनताको स्थितिमा आंशिक सुधार गर्ने, प्रतिक्रियावादीलाई दबाब दिई सामान्य सम्झौतामा टुङ्ग्याउने साधन बन्न कदापि दिइने छैन ।" *(जनयुद्धको ऐतिहासिक पहलको पहिलो योजनाको दस्तावेज बाट)*

'अन्तरिम व्यवस्थापिका संसद गठन भएको दिन देखि नेकपा (माओवादी)को नेतृत्वमा रहँदै आएका जनसरकार, जनअदालत लगायत सत्ताबद्ध सबै निकाय भङ्ग हुने ।" *(नेकपा (माओवादी) र तत्कालीन सातदल बीच ०६३ कार्तिक २२ गते भएको सम्झौता)*

"...देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने संकल्प गर्दै प्रतिस्पर्धात्मक बहुदलिय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार,मानव अधिकार, पूर्ण प्रेस स्वतन्त्रतालाई दोहोऱ्याउँदै... देशमा २०५२ साल देखी चल्दै आएको सशस्त्र द्वन्दलाई अन्त्य गरी शान्तिपूर्ण सहकार्यको नयाअध्याय प्रारम्भको घोषणा गर्दै नेपाल सरकार र नेकपा माओवादीका बीच यो विस्तृत शान्ति सम्झौता सम्पन्न गरिएको छ । " *(नेकपा–माओवादी र नेपाल सरकारबीच ०६३ साल मंसीर ५ गते भएको विस्तृत शान्ति सम्झौताको प्रस्तावना)*



● रोशन जनकपुरी ●

नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को नेतृत्वमा नेपाली समाजको आमूलपरिवर्तनको उद्देश्यले वि.स.२०५२ साल फागनु १ गतेदेखि शुरुभएर दशवर्षसम्म चलेको जनयुद्धको एतिहासिक पहलको क्रममा नेपाली जनताको नाममा गरिएका प्रतिबद्धता र उद्देश्य अधूरै टुङ्गिएको तथ्य उपरोक्त दस्तावेजबाट सहजै बुझ्न सकिन्छ । अधूरो यस अर्थमा भनिएको हो कि यसको परिणामस्वरूप राजतन्त्रको अन्त्य भएर देशमा संघीय लोकतान्त्रिक गणतन्त्र त आयो, तर जनयुद्ध प्रारम्भ गर्ने बेला प्रतिबद्धता व्यक्त गरिएका उद्देश्य र लक्ष्य जनगणतन्त्र, नयाँजनवाद तथा सर्वहारा अधिनायकत्व अन्तर्गत समाजवादी यात्रा जस्ता विषयहरू ओझेल परेका छन् । माओवादीहरू शान्तिप्रक्रियामा प्रवेश गरेपछिको एघारवर्षको अवधिलाई मूल्याङ्कन गर्दा नेपाली समाज लोकतन्त्रको नाममा पूँजीवादी अधिनायकत्वमा पूँजीवादीकरणको दिशामा अघि बढी रहेको देखिन्छ । देशको अर्थराजनीतिमा साम्राज्यवादी र विस्तारवादीशक्तिका एजेन्टहरू दलालपूँजीपति र नौकरशाहीको वर्चस्व छ, जसले सम्पूर्ण राजनीतिलाई नियन्त्रित गरीरहेको छ । दिक्क लाग्दो के छ भने यो सबै माओवादी मूलनेतृत्वको ठूलो हिस्सा मिलेर बनेको नेकपाको नेतृत्वमा सञ्चालित सरकार र समाजवादोन्मुख भनिएको सम्विधानको मातहत भइरहेको छ ।

०६३ सालमा जतिबेला माओवादी नेतृत्व सातदलसंग 'सशस्त्र द्वन्द (जनयुद्ध) अन्त्य गरी शान्तिपूर्ण सहकार्यको नयाँ अध्याय घोषणा' गरिरहेको थियो र 'अन्तरीम संसद गठन भएकै दिनदेखि जनसरकार, जनअदालत लगायत सत्ताबद्ध निकायहरू भङ्ग' गरिरहेको थियो, त्यतिबेला माओवादीसंग पार्टीपंक्तिमा मूलधारको राजनीतिलाई सर्वहारावर्गीय दिशामा परिवर्तन गर्ने क्रान्तिकारी आशावादी उत्साह र राजतन्त्रबाट उपेक्षित तर बुर्जुआ लोकतान्त्रिक विश्वको समर्थन पाएका पुरानै यथास्थितिवादी लोकतान्त्रिक राजनीतिक शक्तिको वर्चस्व भएको सम्झौताको कागत मात्र थियो जसले जनयुद्धको उद्देश्यलाई सम्बोधन गरिरहेका थिएन । यो अधिकतम 'प्रतिक्रियावादीहरू माथी दबाब दिएर जनताको स्थितिमा आंशिक सुधार'को बाटो थियो, जस्मा नहिड्ने प्रतिबद्धता माओवादीहरूले जनयुद्ध शुरु गर्ने बेला गरेको थियो ।

अनेक आलोचकहरूले नेपालीक्रान्तिमा माओवादी जनयुद्धको प्रयोगलाई यान्त्रिक, रोमान्स र पछौटे धारणा भन्ने गरेका छन् । तर परिणामहरूले मार्क्सवादी-लेनिनवादी-माओवादी आधारभूत प्रस्थापनाहरूको सान्दर्भिक औचित्यता सिद्ध गर्दछ । अहिले नेपालमा श्रमजीविवर्ग र उत्पीडित समुदायको राज्य स्थापनाको लक्ष्य बाँकी नै छ, तर माओवादी विचारधारात्मक वर्गसंघर्ष, जनयुद्ध, जनमुक्ति सेना र जनसरकार इतिहास भैसकेको छ ।

यस्तो किन भयो ? सामान्यतः भन्न सकिन्छ, माओवादी जनयुद्धको नेतृत्व गर्ने पार्टी नेकपा (माओवादी) सर्वहारावादी विचारधारा र जनपक्षधरताबाट विचलित भएपछि नेपालमा माओवादी जनयुद्ध अधूरै टुङ्गिएको हो । तर यस विघटनबारे कुनै सैद्धान्तिक निष्कर्षमा पुग्नुभन्दा पहिले नेपालमा माओवादी जनयुद्धको वैचारिक, सांगठनिक र फौजी पृष्ठभूमी, उठान र विकास र टुङ्ग्याई बारे विमर्श गर्नु सान्दर्भिक हुनेछ ।

वि.स. २००६सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापनापछि शुरु भएको नेपाली कम्युनिस्ट आन्दोलनमा नयाँ जनवादी क्रान्तिप्रतिको आकर्षण प्रारम्भदेखि नै देखिन्छ । विशेष गरेर नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलालले आफ्ना शुरुदेखिकै दस्तावेजहरूमा नयाँ जनवादी राज्यव्यवस्थाको पक्षमा लेखेको पाइन्छ । र, कम्युनिस्ट आन्दोलनमा आएको विभिन्न उतार-चढाव र विभाजनहरूमा एउटा पक्ष हमेशा नयाँ जनवादी क्रान्तिको पक्षमा उभिइरह्यो । विश्व कम्युनिस्ट आन्दोलनमा ख्रुश्चेव नेतृत्वको सोभियतसंघ र माओत्सेतुङ्ग नेतृत्वको चीनबीचको महाविवाद पछि होस वा माओको मृत्युपछि चीनमा देङ्गसिआओ पेङ्गको नेतृत्वमा भएको सत्ताकब्जा, विश्वकम्युनिस्ट आन्दोलन जस्तै यसबाट नेपाली कम्युनिस्ट आन्दोलनपनि प्रभावित भयो । कुनैबेला झापा विद्रोहको माध्यमबाट आफूहरू नयाँ जनवादी क्रान्तिको पक्षमा रहेको नेकपा माले पछिगएर देङ्ग विचारका नजिक देखिए भने माओविचारधाराको नाममा मोहनविक्रमसिंहको नेकपा( मसाल), निर्मललामा, मोहनवैद्य किरण र प्रचण्डहरूको नेकपा(मशाल) नयाँजनवादी क्रान्तिसम्बन्धी माओवादी विचारलाई अघि सारिरह्यो ।

वि.स.२०४६सालको जनआन्दोलनले तीसवर्षे निरङ्कुश पञ्चायती राजतन्त्रलाई ढालेर बहुदलिय सम्वैधानिक राजतन्त्रको स्थापना गऱ्यो । त्यतिबेला मदनभण्डारी नेतृत्वको नेकपा (माले)ले नयाँ जनवादी क्रान्ति विचारलाई संशोधन गरी बहुदलिय जनवादको धारणा विकसित गरेर बहुदलिय राजतन्त्रमा समाहित भयो । यद्यपि उनिहरूले बहुदलिय सम्वैधानिक राजतन्त्रात्मक सम्विधानलाई आलोचनात्मक समर्थन गरेको भने । पञ्चायत विरोधी जनआन्दोलनको बेला एकातिर वाम-लोकतान्त्रिक गठबन्धन थियो भने अर्कोतिर नयाँ जनवादी क्रान्ति र गणतान्त्रिक व्यवस्थाका पक्षधरहरूको संयुक्त राष्ट्रिय जनआन्दोलन समिती थियो । देशमा बहुदलिय सम्वैधानिक राजतन्त्र स्थापित भएपछि माले र मार्क्सवादी मिलेर नेकपा एमालेको गठन भयो भने अर्कोतिर प्रचण्डको नेतृत्वमा रहेको नेकपा (मशाल), निर्मललामा नेतृत्वको नेकपा (चौथो महाधिवेशन), रूपलाल विश्वकर्माको नेतृत्वमा रहेको सर्वहारा श्रमिक संगठन, रूपचन्द विष्टको नेतृत्वमा रहेको नेकपा (जनमुखी) र मोहनविक्रम सिंहको नेकपा (मसाल)बाट विद्रोह गरेर निस्केको शीतल कुमार (हरिबोल गजुरेल)नेतृत्वको विद्रोही मसाल (यसै समूहमा डा. बाबूराम भट्टराईपनि थिए) मिलेर नेकपा (एकताकेन्द्र)को गठन भयो । यस्को नेतृत्व प्रचण्डलाई दिइयो । देशमा दीर्घकालीन जनयुद्धको माध्यमबाट नयाँ जनवादी व्यवस्थाको स्थापना नगरेसम्म नेपाली समाजको आमूल परिवर्तन हुन नसक्ने मान्यता राख्ने एकताकेन्द्रले संसदिय राजनीतिमा क्रान्तिकारी हस्तक्षेपको निम्ति संयुक्तजनमोर्चा नेपाल (संजमो)को नामबाट राजनीतिक मोर्चा गठन गऱ्यो । यस मोर्चाको संयोजक (पछि अध्यक्ष)को जिम्मा डा.बाबूराम भट्टराईलाई दिइयो । संजमोले ०४८सालको निर्वाचनमा भाग लियो र तत्कालीन प्रतिनिधि सभामा तेस्रो पार्टीको रूपमा स्थापित भयो । तर ०४९सालतिर, क्रान्तिको तयारीको निम्ति संसदको उपयोग गरिएको र सशस्त्र क्रान्तिको माध्यमबाट बहुदलिय व्यवस्थालाई ध्वस्त गरी नयाँ जनवादी व्यवस्थाको स्थापना गर्न दीर्घकालीन जनयुद्धको कार्यदिशामा अघि बढनुपर्ने प्रस्तावमा एकताकेन्द्र विभाजित भयो । प्रकाश (नारायणकाजी श्रेष्ठ) नजिकको चौथोमहाधिवेशन पक्षधर समूहले अहिले क्रान्तिगर्ने ठिक अवसर नभएको भन्दै प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट राजिनामा गर्न न मानेन र जनसंघर्षको दिशाको वकालत गऱ्यो । एकताकेन्द्रको बहुमत भाग प्रचण्डको नेतृत्वमा नेकपा (माओवादी) मा परिणत भयो भने अल्पमत भाग नारायणकाजी श्रेष्ठ (प्रकाश)को नेतृत्वमा एकताकेन्द्रकै रूपमा जनसंघर्ष र संसदीय राजनीतिमा कायम रह्यो । संयुक्त जनमोर्चा नेपालपनि विभाजित भयो । यसको बहुमत भाग डा.बाबूराम भट्टराई कै नेतृत्वमा रह्यो भने अर्को हिस्सा निरञ्जनगोविन्द वैद्यको नेतृत्वमा प्रकाशसंग गयो ।

*क्रमशः...*

झर्रोटर्रो kailubraha73@gmail.com कैलुब्राह

# संविधान उर्फ सचिवालय

अब उप्रान्त नेपाल मण्डलको संविधानको अर्को नाऊँ सचिवालय रहेको छ । सचिवालय अर्थात् डबल नेकपाको माथिल्लो सर्वोच्च कमिटी । अब नेपाल मण्डलका रैथाने मनुखेहर्ले संविधान भनेको सचिवालय कमिटीलाई बुझ्नु पर्ने छ । सचिवालयले तोकेको अधिकार बाहेक अरू अधिकार खोज्ने मनुखेले झ्यालखानाको चिसो भुँइँमा डङ्ग्रङ्ग परेर आफ्नो जिन्दगानी भुगत्नु पर्ने छ । किनकि संविधान उर्फ सचिवालयले त्यही आदेश गरेको छ । संविधानमा जेसुकै लेखिएको भएता पनि, मनुखेका लागि जस्तोसुकै कानून बनेता पनि ती सबै अमानय हुने छन् । अन्तिम निर्ने डबल नेकपाको सचिवालयले गरेको नै सदर हुने छ ।

सचिवालयमा नौ वटा धारा छन् । ती नौ वटा धारामा पनि सबै भन्दा शक्तिशाली र सर्वमान्य धारा एक र दुई नम्बर धारा हुन् । त्यसपछि तेस्रो धारा महत्वपूर्ण र शक्तिशाली रहेको छ । पहिलो धाराले एक नम्बरी अध्यक्षलाई बुझाउँछ भने दुई नम्बर धाराले दुई नम्बरी अध्यक्षलाई जनाउँछ । तेस्रो धारा भनेको प्युठानी गोब्रे धारा हो । यसलाई चुनाउ हरूवा धारा पनि भनिन्छ । यो अझ शक्तिशाली भएर उदाएको छ । यतिवेला यो धारा सक्रिय भएर डिस्कोर्षमा आएको छ । हरूवा गोरुको छेरुवा दाऊ भन्ने नेपाली उखानअन्सार यो धाराले आफ्नो शक्ति प्रदर्शन गर्ने स्थानका लागि पूरै संविधान बदल्नु पर्ने अवस्था सिर्जना गरेको छ ।

नेपाल मण्डलमा संविधानसभाको गुँडबाट जन्मिएको संविधान त कागजको खोस्टो मात्रै हो । त्यो देखाउनका लागि तयार गरिएको हो । ६०१ थान मान्ने मनुखेहर्ले ल्याप्चे लगाएका भएता पनि वास्तवमा उक्त संविधान पनि ओदाने दल (तीन प्रमुख दल भएकाले ओदाने भनिएको)का तीनहल नेता (प्रचन्न-बाबुराम, सुशीलदा-देउपा, केपी-माकुने)ले लेखेर बाँकी मान्नेहर्ले फट्के किनारामा बसेर ल्यप्चे ठोकेका मात्रै थिए । त्यसैले पनि यो संविधानको व्यख्या गर्ने, लागू गर्ने गराउने, संसोधन गर्ने, थपघट गर्ने आदि इत्यादि जे गर्न पनि डबल नेकपाको एक नम्बर र दुई नम्बर धारालाई पूर्ण अधिकार भएकाले उनिहर्को निर्ने नै अन्तिम र सत्य हुने भएको हो । जस्को प्रयोग हालको सरखार गठन भएदेखि भइआएको छ ।

संविधानमा परदेशको नाउँ राख्ने र राजधानी तोक्ने अधिकार त्यही परदेशका मान्नेहर्लाई दिएको छ । तर त्यो अधिकार सचिवालयले खोसेर आफैमा राख्यो । भरखरै मात्र तीन नम्बर परदेशको नाउँ र राजधानी त्यही सचिवालयले तोकेर परदेशका मान्नेहर्लाई लागू गर्न निर्देशन दियो । मान्नेहलाई सचिवालयका एक नम्बर र दुई नम्बर धाराले कडा फतवा जारी गरेर खुरुक्क लागू गर्न अह्राए । मान्नेहर्ले पनि जो आज्ञा महाराज भन्दै बाचा गरेर आए । त्यसै अन्सार लागू गर्ने चाँजोपाँजोमा लागेका छन् । अब यसैगरी यस्तै निर्देशन पाँच नम्बर र एक नम्बर परदेशलाई दिने तयारी सचिवालयले गरेको छ । यस विषयमा सचिवालयमा नपरेर असन्तुष्ट बनेका एक जना थाइलाई यो कैलुले 'तपाइँहर्को संविधान भन्दा सचिवालय र त्यसको पनि एक नम्बरी र दुई नम्बरी धारा किन यति शक्तिशाली भएको ? अब मान्नेहर्को के काम त ?' भनेर सोधेको उनले भने- 'मान्नेहर्ले त तलब भत्ता खाएर आफ्नो दिन गुजरा गर्ने मात्रै हो । मान्ने भनेपनि मन्तरी भनेपनि, संविधान भनेपनि, देश परदेश जे भनेपनि सचिवालय र त्यसको एक नम्बर र दुई नम्बरी धारा नै हुन् । एक र दुई नम्बरी धारा भन्दा ठूलो र शक्तिशाली यो नेपाल मण्डलमा अरू केही पनि छैन ।' त्यसो भए संविधान लेखेर, मान्नेहर्को चुनाउ गराएर देश परदेशको सरखार संसद किन बना'को त भनेर यो कैलुले सोध्दा तिनले भने- 'लोकसेवाबाट जागिर नपाएका बेरोजगारहर्लाई जागिरको व्यवस्था गर्न पो परदेश बनाएको हो । चुनाउ गरा'को हो । धेरै नेताहर्लाई मान्ने मन्तरीको भाग पुऱ्याउन कति सजिलो भा'छ ।' यति भनेपछि जुङा चल्यो कुरो बुझ्यो ।

हुन पनि हो । यो सचिवलय जति शक्तिशाली यो दुनियाँमा अर्थोक केही पनि छैन । सचिवालयबाट भर्खरै निर्वाचित तीन नम्बर धाराले देशै हल्ला'को छ । तीन नम्बर धारालाई पर्धानमन्तरी बनाउन संविधानै बदल्नु पर्ने अरे । उता संसदमा सभाको मुख कस्लाई बनाउने भन्ने विषयमा यही सचिवालयका एक र दुई नम्बरी धारा बाझिनाले संसद नै एक मैनादेखि बन्धक बनेको छ । यो एक र दुई नम्बरी धारा सार्वभौम शक्ति सम्पन्न धारा हो । त्यसैले अब सबै नेपाली मनुखेले संविधान भनेको सचिवालय हो भन्नु पर्ने भएको छ । जय होस् सचिवालयको ।

*२६ पुस २०७६*

# ‘लिम्पियाधुरा’ सीमा अतिक्रमण : कहिले र कसरी ?

● रतन भण्डारी

भारत सरकारले २०१९ नोभेम्बर २ मा नेपालको लिम्पियाधुरादेखि कालापानी-लिपुलेकसम्मको भू(भाग समेटेर गलत नक्शा प्रकाशित गरेको छ। नक्शामा भारतले कालीपूर्वका नेपाली कुटी, नाभी, गुन्जी, कालापानी र लिपुलेकलाई आफूतिर पारेको छ। सन् १८१६ को सुगौली सन्धिद्वारा निर्धारित महाकालीको शिरानी लिम्पियाधुरा क्षेत्र आफूतिर पार्ने भारतीय दुस्प्रयास नेपालको सार्वभौमिकता विरोधी छ।

सन् १८१६ को सुगौली सन्धिको धारा ५ मा “नेपालका राजा मौसूफ स्वयंका लागि, मौसूफका उत्तराधिकारीहरू वा वारिसहरूका लागि काली नदीको पश्चिममा पर्ने देशहरूसितका सम्बन्ध र सम्पूर्ण दाबीहरू परित्याग गरिबक्सन्छ” भन्ने कुरा उल्लेख छ। सन् १९६१ को नेपाल-चीन सीमा सन्धिको दफा १.१ मा “नेपाल र चीनबीचको पश्चिमी सीमा महाकाली र तिंकर नदीको पानी ढलोबाट शुरु हुने” भनिएको छ। जहाँ चीनले पनि लिम्पियाधुराबाट आउने काली नदीलाई नै नेपालसँगको पश्चिमी सीमा मानेको छ।

यसरी हेर्दा सुगौली सन्धि र नेपाल-चीन सीमा सन्धिका आधारमा निर्धारित नेपालको पश्चिमी सीमा महाकाली हो, जुन नदी लिम्पियाधुरा उद्गमित छ। सुगौली सन्धि पछि तत्कालीन इष्ट-इन्डिया कम्पनी सरकारले जारी गरेका सबै नक्शाहरूमा महाकालीको मुहान लिम्पियाधुरा नै छ। सन् १८५६ पछि ब्रिटिश-इण्डियाले नेपालको पश्चिमी सीमामाथि नक्शामार्फत अतिक्रमण थालेको हो। सन् १९४७ मा स्वतन्त्र भएपछि भारतले त ब्रिटिश-इण्डिलाले गलत रूपमा काली भन्दै आएको लिपुखोलालाई समेत काली नभनी कालापानी (तिल्सी)मा रहेको सानो पानीको मुहानलाई आहालमा परिणत गरी सोही आहाललाई कालीको मुहान भन्दै दुनियाँ हँसाइरहेको छ। सन् १९५४ भारतले कालापानी क्षेत्रमा अनधिकृतरूपमा सैन्य उपस्थिति नै कायम गरेको छ।

यतिबेला लिम्पियाधुरा क्षेत्रको ३९४ वर्ग कि.मी. नेपाली भूमि भारतीय अतिक्रमणमा छ। ऐतिहासिक तथ्य-प्रमाण, नाप-नक्शा, जलविज्ञानका आधारमा लिम्पियाधुरा पूर्वको सबै भूमि नेपालको हो।

यतिबेला लिम्पियाधुरा क्षेत्रको ३९४ वर्ग कि.मी. नेपाली भूमि भारतीय अतिक्रमणमा छ। ऐतिहासिक तथ्य-प्रमाण, नाप-नक्शा, जलविज्ञानका आधारमा लिम्पियाधुरा पूर्वको सबै भूमि नेपालको हो। जुन कुरा निम्न तथ्य प्रमाणहरूले समेत पुष्टि हुन्छ।

**नक्शामा कालीको मुहान**

इष्ट इण्डिया कम्पनीद्वारा सन् १८५६ सम्म प्रकाशित सबै नक्शाहरूमा कालीको मुहान लिम्पियाधुरा उल्लेख छ। ऐतिहासिक नक्शाहरूले महाकालीको मुहान काली भएको पुष्टि गरेका छन्। ब्रिटिश सम्राटका हाइड्रोग्राफरद्वारा तयार पारी सन् १८१६ जनवरी २ मा प्रकाशित नक्शामा ‘ काली’को मुहान लिम्पियाधुरा उल्लेख छ। त्यसैगरी लिम्पियाधुरा उद्गमित नदीलाई काली (महाकाली) प्रकाशित नक्शाहरूमा सन् १८१९, सन् १८२६ को याप्टेन जेडी हर्वटको नक्शा, सन् १८२७ फेब्रुअरीमा ब्रिटिश संसद्द्वारा पारित ऐनअनुसार प्रकाशित नक्शा, सन् १८३० को ‘वेष्टर्न प्रोभिन्सेज अफ हिन्दूस्तान’ शीर्षकको नक्शा, सन् १८३५ को नक्शा इष्ट-इण्डिया कम्पनीको नक्शा, सन् १८३७ को जे.बी. टासिनको फारसी भाषामा रहेको नक्शा, सन् १८४१ को ‘म्याप अफ इण्डिया’ शीर्षकको नक्शा, सन् १८४६ फेब्रुअरी १६ मा प्रकाशित नक्शा र सन् १९५५ मा तयार गरी सन् १८५६ अप्रिल २४ मा ब्रिटिश-इण्डिया सरकारको ‘सर्भेयर जनरल्स अफिस’बाट प्रकाशित नक्शाहरू रहेका छन्। यी नक्शाहरूमा सबैभन्दा आधिकारिक सन् १८५६ को नक्शालाई मानिएको छ। यस नक्शामा इष्ट इण्डिया कम्पनीका डेपुटी सर्भेयर जनरलको हस्ताक्षर छ। यसमा देवनागरी लिपिको जङ्गबहादुर राणाको हाते नक्शाको विवरण राखिएको छ। यो नक्शा नेपाल र इष्ट-इण्डिया कम्पनी सरकार दुबैको सहमति जुटाइएको छ।

**नक्शा अतिक्रमण**

इष्ट इण्डियाद्वारा सन् १८१६ सम्म प्रकाशित सबै नक्शाहरूमा महाकालीको मुहान लिम्पियाधुरा उल्लेख छ। तर पछि ब्रिटिश-इण्डियाले सन् १८६५ मा लिम्पियाधुराबाट आउने काली (महाकाली) नदीलाई ‘कुटीयांक्ति’ र लिपुलेकबाट आउने ‘खाँयांक्ति’ (लिपुखोला)लाई काली भनेर नक्शा प्रकाशित गरी नक्शामार्फत नेपाली भूमिमाथि अतिक्रमण थालेको हो। ब्रिटिश-इण्डियाले सन् १८५६ पछि लिम्पियाधुरा उद्गमित महाकालीलाई ‘कुटी यांक्ति’ र “ लिपुखोला” लाई कथित ‘काली’ भनेर प्रकाशित गरेका भ्रमात्मक नक्शाहरूमा सन् १८६५ को को सर्भे अफ् इण्डियाको ‘डिष्ट्रिक अल्मोडा’ शीर्षक नक्शा, सन् १८७१ को सर्भे अफ् इण्डियाकै अल्मोडा सीट नं. २ र ४ को नक्शा, सन् १८७९ को ‘नेपाल-अल्मोडा, यूनाइटेड प्रोभिन्स’ शीर्षकको सर्भे अफ् इण्डियाको अर्को नक्शा, सन् १८८१ को ‘नेपाल-तिब्बत एण्ड यूनाइटेड’ प्रोभिन्स शीर्षकको सर्भेयर जनरल अफ् इण्डियाको नक्शा आदि छन्।

**ऐतिहासिक पत्राचारमा लिम्पियाधुरा क्षेत्र**

सन् १८१७ फेब्रुअरी ४ मा ईष्ट-इण्डिया कम्पनीका कार्यवाहक मुख्य सचिव जे. आदमले काठमाडौंस्थित आवासीय प्रतिनिधि एडवर्ड गार्डनरलाई गभर्नर जनरलका तर्फबाट पत्र लेखेका छन्। पत्रमा आदमले गार्डनरलाई ‘काली नदीको पूर्वमा पर्ने ब्यास प्रगन्ना चौतरिया बम शाहको दाबीअनुसार नेपालको ठहरिन्छ, तसर्थ त्यो ठाउँ नेपाल सरकारका अधिकारीलाई बुझाउनु’ भनी निर्देशन दिएका छन्। पत्रले लिम्पियाधुरा पूर्वका कुटी, नावी, गुञ्जी, तिङ्कर र छाँगरुलाई नेपाली भूमि भनेर स्वीकारेको छ।

त्यसैगरी ईष्ट-इण्डिया कम्पनीका कार्यवाहक मुख्य सचिव जे. आदमले गभर्नर जनरलको तर्फबाट कुमाउँका कार्यवाहक कमिश्नर जी.डब्ल्यू. ट्रेललाई सन् १८१७ मार्च २२ मा अर्को आदमले ट्रेललाई लेखेका छन्,-‘कालीपूर्वको ब्यास प्रगन्नासहितको भू( भाग सुगौली सन्धिअनुसार नेपालको भएकाले ती गाउँहरू नेपाललाई सुम्पनु।’ पत्रमा ब्यास प्रगन्नाका भोटिया (सौका) जमीनदारहरूले ब्रिटिश शासनअन्तर्गत रहन पाउँ भनी निवेदन दिए पनि सुगौली सन्धिअनुसार ब्यास प्रगन्ना, त्यहाँका गाउँ र जमीन नेपालको भएकाले ब्रिटिश सरकार त्यहाँका बासिन्दालाई आफूतिर पार्न जतिसुकै इच्छुक भए पनि नसक्ने बेहोरा उल्लेख छ।

**तिरो-तिरान, जनगणना र लालमोहर-सनद**

गुञ्जी, नाभी र कुटीका बासिन्दाले विसं. १९९७ सम्म पनि बैतडी मालमा तिरो तिर्दै आएको प्रमाण सुरक्षित छ। विसं १९९७ मंसिर २७ गते खड्ग निशाना भएको तिरो-तिरानसम्बन्धी मोठ बैतडी मालमा छ। राणाकालमा ब्यास गर्खाका बासिन्दाका नाममा जारी लालमोहर-इस्तिहार-सनदहरू गुञ्जी, नावी, तिङ्कर र छाँगरुवासीहरूसँग अझै सुरक्षित छन्। त्यसैगरी नेपाल सरकारले विसं. २००९ मा पूर्वाञ्चल र २०११ मा पश्चिमाञ्चलमा जनगणना गरेको थियो। २०११ को जनगणनाले ब्यास गर्खाका ६ ओटा गाउँको घरधुरी संख्या ४ शय ३४ तथा कूल जनसंख्या १,८१६ देखाएको छ। २०१८ सालमा गुञ्जी, नावी, कुटीको जनगणना वरिष्ठ पत्रकार भैरव रिसालको मातहत भएको थियो।

**नदी विज्ञानका आधारमा कालीको मुहान**

नदी विज्ञानमा कुन नदी मूल र कुन सहायक भन्ने कुरा नदीको लम्बाई, नदीको जलाधार क्षेत्र, नदीमा रहेको पानीको मात्राका आधारमा टुंगो लगाइन्छ। ठूलो जलाधार क्षेत्र भएको, सहायक नदीभन्दा लामो दूरीबाट बगेर आउने, पानीको मात्रा बढी भएको नदीलाई नदी विज्ञानले मूल नदी मान्दछ। नदी विज्ञानका आधारमा लिम्पियाधुराबाट आउने नदी नै काली नदी रहेको पुष्टि हुन्छ। जहाँ लिम्पियाधुराबाट आउने काली र लिपुलेकबाट आउने लिपुखोलाको मिलन विन्दूसम्मको लम्बाइ हेर्दा लिपुखोलाको लम्बाइ २२ किमीमात्रै छ भने कुटीयांक्ति भनिने वास्तविक काली नदीका लम्बाइ ५२ किमी छ। त्यसैगरी लिम्पियाधुरा उदगमित कालीमा २२ घनमिटर प्रतिसेकण्ड पानी प्रवाह हुन्छ भने लिपुखोलामा मात्र ७ घनमीटर प्रतिसेकेण्ड पानी बग्दछ। त्यसैगरी लिम्पियाधुरा उद्गमित काली नदीले ५५५ वर्ग कीमी जलाधार क्षेत्र ओगटेकोमा लिपुखोलाले केवल १८५ वर्ग किमी मात्रै जलाधार क्षेत्र ओगटेको छ।

**अन्तमाः**

सुगौली सन्धिअनुसार लिम्पियाधुरापूर्वका कुटी, नाभी, गुन्जी, कालापानी, लिपुलेकलगायत भू-भाग नेपालको भएको निर्विवाद तथ्य हो। तर भारतले नेपालको सार्वभौमिकतालाई चुनौती दिँदै लिम्पियाधुरापूर्वको भूमिमा सुरक्षा फौज राखेको छ। सो भूमि आफूतिर पार्दै नक्शा जारी गर्दै आएको छ। भारतले नेपाली भूमिमा सुरक्षा फौज राखेर नक्शा गर्ने कार्यले नेपालको सार्वभौमिकतामाथि गम्भीर प्रश्न उठाएको छ। तसर्थ नेपाल सरकारले लिम्पियाधुरा क्षेत्रमा रहेको भारतीय सुरक्षा फौज फिर्तीका लागि कदम चाल्नुको विकल्प छैन। साथै नेपाल सरकारले लिम्पियाधुरा, कुटी, नाभी, गुन्जी, कालापानी र लिपुलेक समट्ने गरी तत्काल नक्शा जारी गर्नुपर्दछ। लिम्पियाधुराबाट भारतीय फौज नहटाइ नेपालले कुनैपनि हालतमा भारतले हस्ताक्षरका लागि दबाब दिदै आएको ‘स्ट्रीप म्याप’मा सहमति जनाउनु हुन्न। साथै नेपाल, भारत र चीनबीच सहमति जुटाई लिम्पियाधुरालाई ‘त्रिदेशीय विन्दू’ मान्ने गरी त्यहाँ तत्काल ‘शून्य’ नम्बरको सीमास्तम्भ स्थापना गरिनुपर्छ।

### सीमा अतिक्रमणका विरूद्ध पोखरामा चार दलको अन्तर्क्रिया सम्पन्न

## जनस्तरबाट सशक्त आन्दोलन उठान गर्नुपर्नेमा वक्ताहरूको जोड





● गोपाल जिसी

पोखरा। पोखरामा चार राजनीतिक पार्टीहरूको आयोजनामा ‘सीमा समस्या र लिमापियाधुरा’ बिषयक अन्तरक्रिया कार्यक्रम गरिएको छ। देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चा र नेकपा मालेको आयोजनामा उक्त विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको हो। कार्यक्रममा लेखक रतन भण्डारीले ‘अतिक्रमणको चपेटामा रहेको लिम्पयाधुरा र लिपुलेक नेपालको हो’ भन्ने बिषयमा संकलित तथ्यगत प्रमाण सहितको कार्यपत्र प्रस्तुत गरेका थिए। भण्डारीद्वारा प्रस्तुत कार्यपत्रमाथि प्रा.डा.कृष्ण केसीले टिप्पणी गर्दै भारतले नेपालीलाई हदैसम्म हेपेको बताए। केसीले लिम्पयाधुरा लिपुलेक नेपालको हो भन्ने कुरामा दुईमत नहुँदा नहुँदै पनि नेपाल सरकारले सीमा विवाद सुल्झाउन नसके जनस्तरबाटै आन्दोलन गर्नुपर्ने अवस्था आउने बताए। उनले सरकारले नेपालको मिचिएको सबै भुभाग सहितको वास्तविक नक्शा तत्काल सार्वजनिक गर्नुपर्नेमा जोड दिए।

कार्यक्रममा पूर्व गभर्नर दिपेन्द्र बहादुर क्षेत्रीले नेपालप्रति भारतको नियत नै खराब भएको बताउदै नागरिक र जनस्तरबाटै आन्दोलनको उभार सिर्जना गरी सरकारलाई सीमा अतिक्रमणका बिषयमा ब्यूँझाउनुपर्ने बताए। उनले भारतले नेपाललाई क्षमताविहिन ठान्दै प्राकृतिक स्रोत र साधनमाथि आँखा गाडेको बताए।

देजमो गण्डकी प्रदेशका अध्यक्ष नेत्र रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली काँग्रेसका महासमिति सदस्य गिरिराज गौतम, उवासंघ पोखराका पुर्व अध्यक्ष आनन्दराज मुल्मी, स्वतन्त्र बामपन्थी नेता रामराज रेग्मीले गुमेको नेपाल फिर्ता ल्याउन जनस्तरबाटै पहल गर्नुपर्ने बताए। कार्यक्रममा सहभागीहरूले देशको सीमा मिचिदा सरकार मौन बस्नुमा शंका व्यक्त गरेका थिए। कार्यक्रमको सञ्चालन समाजवादी पार्टीका केस एवं पोखरा महानगरपालिकाका अध्यक्ष टिकाराम पौडेलले गरेका थिए।

## कलेज अफ इन्फरमेसन टेक्नोलजी बालकुमारी ललितपुरमा अखिलको इकाइ समिति गठन



काठमाडौं। अखिल (क्रान्तिकारी) पोखरा विश्वविद्यालय अन्तर्गत नेपाल कलेज अफ इन्फर मेसन टेक्नोलजी(NCIT) बालकुमारी कलेज ललितपुरमा निशान भट्टराईको अध्यक्षतामा इकाइसमिति गठन भएको छ। जसमा उपाध्यक्ष अनिस उप्रेती, सचिव अनुशील कार्की , सहसचिव विवेक भट्टराई, सहसचिव शिवराज पाण्डेय, कोषाध्यक्ष अनिल तिवारी, सदस्यहरूमा विकास मगर, हिमांशु दाहाल, एनजल गोतामे, अनुप कुँवर, प्रदिप सुवेदि, सुरज राना मगर, सुशिल फुयाँल , एलिस खड्गी, कुशल शर्मा, सम्यक थापा र विपिन मगर छन्।

कार्यक्रमका पोखरा विश्वविद्यालय संयोजक सागर आचार्यको अध्यक्षतामा अखिल क्रान्तिकारीका केन्द्रिय अध्यक्ष हरिकृष्ण गजुरेलको प्रमुख आतित्थ्य एवं अन्य अतिथिहरूमा अखिल क्रान्तिकारीका केन्द्रिय महासचिव पेशल दाहाल, केन्द्रिय सचिव महेश श्रेष्ठ, सिटिभिटि संयोजक जितेन्द्र लम्साल थिए। साथै पोखरा शिविद्यालय उपत्या सचिव अच्युत ठिकेको सञ्चालनमा कार्यक्रम सफलतापूर्ण सम्पन्न भयो।

## राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई सशक्त बनाउने क्रान्तिकारी माओवादी १ नं. प्रदेशको निर्णय

● मधुकर थापा

झापा। नेकपा (क्रान्तिकारी माओ वादी) १ नं. प्रदेशको प्रशिक्षण तथा बैठक सम्पन्न भएको छ। पार्टीका स्थायी समिति सदस्य तथा प्रवक्ता हरिभक्त कँडेलको प्रमुख आतिथ्यतामा झापाको दमकमा सम्पन्न भएको बैठकले राष्ट्रिय स्वाधीनताको अभियानलाई प्रभावकारी बनाउने निर्णय गरे को छ।

पार्टीका पोलिटब्यूरो सदस्य तथा १ नं. प्रदेशका इन्चार्ज मिनकुमारको अध्यक्षतामा सम्पन्न भएको बैठकले हालै पार्टीको के न्द्रीय समितिको बैठकले बनाएका राष्ट्रिय स्वाधीनताको आन्दोलनसम्बन्धी योजनाहरुलाई प्रदेशमा कार्यान्वयन गर्ने विषयमा निर्णय गरे को हो। बैठकले माघ १५ बाट झापाको काँकडभिट्टाबाट सुरु हुने अभियानलाई प्रभावकारी बनाउने निर्णय गरेको छ।



## क्रान्तिकारी माओवादी काठमाडौंद्वारा श्रद्धाञ्जली व्यक्त



जन्म-१९९० भदौ १। निधन- २०७६ पुस १९

काठमाडौं। नेकपा (क्रान्तिकारी माओवादी) जिल्ला समिति काठमाडौं चन्द्रागिरी-नागार्जुन संयुक्त नगर समिति सदस्य गुणविक्रम शाही र काठमाडौं जिल्ला सल्लाहकार बुद्धिबहादुर शाहीकी ममतामयी आमा र बुलाल शाहीकी श्रीमती बेखामाया शाहीको असामयिक निधन भएकोमा श्रीमती बेखामाया शाहीप्रति क्रान्तिकारी माओवादी काठमाडौं जिल्ला समितिले श्रद्धाञ्जली व्यक्त गरेको छ। क्रान्तिकारी माओवादी काठमाडौंका जिल्ला सेक्रेटरी खगेन्द्र छन्त्यालले एक वक्तव्यमार्फत् श्रद्धाञ्जली व्यक्त गरेका छन्। वक्तव्यमा दिवंगत शाहीका श्रीमान, छोराहरू र समस्त परिवारजनहरूमा समवेदना व्यक्त गरिएको छ।

## अखिल (क्रान्तिकारी)द्वारा समवेदना व्यक्त

काठमाडौं। अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य खेमराज पोखरेलकी हजुरआमा ९३ वर्षीया डिलादेवी जैसी (पोखरेल)को प्युठान जिल्ला, मल्लरानी गाउँपालिका, वडा नं. ३ स्थित आफ्नै घरमा यही २०७६ पौष २४ गते राति ९ बजे निधन भएकोप्रति अखिल (क्रान्तिकारी)ले भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेको छ। साथै खेमराज पोखरेललगायत सम्पूर्ण शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेको छ।



"सम्पूर्ण उत्पीडित तामाङहरु एक होऔं !"

# अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चा

All Nepal Tamang National Liberation Frount

केन्द्रिय कार्यालय (Central Office)

मिति: २०७६।९।२०

**प्रेस-विज्ञाप्ती**

यहि मिति २०७६ पौष १८ गते अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाको केन्द्रीय सचिवालयको बैठक ललितपुरमा बस्यो । बैठकले गत पौष १३ गते सत्तारुढ पार्टी ने.क.पा.(नेकपा) को केन्द्रीय सचिवालयको बैठकले ३ नं. प्रदेशको नाम यस प्रदेशका ऐतिहासिक बाहूल्य जाति तामाङ र नेवार समुदायको भावना र चाहनाका साथै २०६२- ०६३ को महान जनआन्दोलन र वास्तविक संघीयताको मर्म विपरित पहिचान विरोधी 'बागमती' राख्ने सहमती प्रति गम्भीर आपत्ति र असहमती जनाउँदै विरोध तथा संघर्ष गर्ने निर्णय गरिएको छ ।

तत्कालीन माओवादी केन्द्र विगतमा आदिवासी जनजातिहरुको मुक्ति र पहिचान सहितको संघीयताको पक्षमा सकारात्मक भएतापनि मालेमावादको सिद्धान्त विचार राजनितिबाट च्यूत भए पछि उसबाट आदिवासी जनजातिहरुको मुक्ति उत्थान सम्भव छैन भन्ने कुरा प्रष्ट थियो । पहिचान र संघीयता विरोधी तत्कालीन एमाले पार्टीसग माओवादी केन्द्रको चुनावी गठबन्धन हुँदै पार्टी एकीकरण भएपश्चात प्रदेशहरुको नामाकरण जातीय पहिचानमा आधारित गरिन्दैन भन्ने निश्चित प्राय थियो । एकता पछिको ने.क.पा. (नेकपा) ले पहिले नै प्रदेश नं.४ को नाम 'मगरात' र 'तमुवान' को पहिचानलाई समाप्त पारी 'गण्डकी' प्रदेश राखेर प्रष्ट संकेत दिई सकेका थिए भने अहिले भारतले हाम्रो दार्चुलाका लिम्पियाधुरा कालापानी क्षेत्रको १७२ वर्ग कि.मि. भू-भाग समेटेर आफ्नो राजनितिक नक्सामा राखेको र अमेरिकाको ईन्डोप्यासिफिक सैन्य रणनीति अन्तर्गतका एमसिसि अर्थात मिलिनियम च्यालेन्ज कर्पोरेसनका आर्थिक सहयोगको विषयलाई लिएर राष्ट्रवादी आन्दोलन तथा आवाज उठी रहेको बेला प्रदेश नं. ३ को नाम 'बागमती' राख्ने बदनियतपूर्ण निर्णय लिएको छ । यसले कथित ने.क.पा. (नेकपा) को नियत र असलीरुप उदाङ्गो भएको छ । उक्त निर्णयले कथित ने.क.पा. (नेकपा) पार्टी दलाल तथा नोकरशाही पूँजिपती वर्गको सत्ता स्वार्थको पार्टीमा रुपान्तरण भईसकेको मात्र नभई कम्यूनिष्ठ पार्टीको नाम झण्डा र आवरणमा बाह्य रुपमा साम्राज्यवादी, विस्तारवादी शक्तिको दलाली र आन्तारिक रुपमा अभिजातिय ब्राम्हणवादी सोच विचार र स्वार्थको पक्ष पोषण तथा अगुवाई गर्ने प्रतिक्रियावादी पार्टीको रुपमा व्यवहारत: अगाडी बढेको प्रष्ट भएको छ ।

अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चा प्रष्ट रुपमा आत्मानिर्णयको अधिकार जातीय क्षेत्रीय स्वायत्त तथा स्वशासन सहित जातीय पहिचानमा आधारित ताम्सालिङ र नेवा प्रदेश सहित १४ वटा प्रदेशको पक्षमा संघर्षरत छ । अहिले कथित ने.क.पा. (नेकपा) को केन्द्रीय सचिवालय बैठकले ३ नं. प्रदेशको नाम ताम्सालिङ र नेवा प्रदेश नराखी 'बागमती' राख्ने सहमती प्रति हाम्रो संगठन घोर भर्त्सना गर्दै असहमती जनाउँछौ ।

फुर्नाम्गेल मोक्तान
(अध्यक्ष)

## क्रान्तिकारी...

यसैबीच, शनिबारै सम्पन्न भेलाले नेत्र शाहीको नेतृत्वमा ७ सदस्यीय देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, रतन विकको नेतत्वमा ११ सदस्यीइ क्रान्तिकारी युवा लिग, नेपाल, जर्मा गोरालको नेतृत्वमा ७ सदस्यीय अखिल नेपाल महिला संघ (क्रान्तिकारी) र लक्ष्मण विकको संयोजकत्वमा ११ सदस्यीय अखिल (क्रान्तिकारी)को जिल्ला कमिटि निर्माण गरिएको छ । विद्यार्थी संगठनको सह संयोजकमा राजन कुमाल रहेका छन् ।

भेलामा डबल नेकपा, नेका परित्यागत गरी २८ जना युवाहरू क्रान्तिकारी माओवादीमा प्रवेश गरेको समेत बताइएको छ । भेला सम्पन्न भएपश्चात् पत्रकार सम्मेलन समेत गरिएको थियो । पत्रकार सम्मेलनमा नेता शर्माले राष्ट्रिय स्वाधीनताको आन्दोलन, भारतीय हस्तक्षेप तथा एमसीसीको विरोधमा पार्टीले लिएका नीति तथा कार्यक्रमको विषयमा प्रष्ट पारेका थिए ।

## सूचना प्रविधि...

कानुनी आधार तयार पार्न खोजेको भन्दै 'विगत शाहवंशीय राजा र राणाहरूको निरंकुश शासन व्यवस्थालाई बिर्स्याउने गरी ल्याइएका प्रेस तथा नागरिक स्वतन्त्रताविरोधी विधेयक तथा कानुनहरूको घोर विरोध गर्दै हाम्रो संगठन खारेजीको माग दोहोर्‍याउँदछ' भनिएको छ । वक्तव्यको अन्तमा भनिएको छ, 'नेपाल पत्रकार महासंघ, नागरिक समाज तथा विभिन्न सम्बन्धित संघ/संगठनहरूले त्यस्ता विधेयक तथा कानुनहरूको विरुद्धमा आयोजना गरिने कार्यक्रम तथा आन्दोलनप्रति ऐक्यबद्धता जाहेर गर्दछ र सम्बन्धित सबैलाई आन्दोलित हुन आव्हान समेत गर्दछ ।'

यस्तो छ वक्तव्यको पूर्णपाठ :

'प्रेस वक्तव्य

क्रान्तिकारी पत्रकार महासंघले लामो समयदेखि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी सबै विधेयक तथा ऐन कानुनहरूको खारेजीको माग गर्दै र आन्दोलित हुँदै आएको सर्वविदितै छ । पछिल्लो पटक नेपाल सरकार प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिले बहुमतले पारित गरेको सूचना प्रविधि विधेयक र यसका बारेमा भइरहेको छलफल बहसप्रति हाम्रो संगठनको गम्भिर रूपमा ध्यानाकर्षण भएको छ । सूचना तथा प्रविधि विधेयकभित्रका अधिकांश दफा तथा प्रावधानहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र संविधान प्रदत्त नागरिकको मौलिक अधिकारलाई समेत प्रतिबन्ध लगाउने देखिएकोले यो विधेयक तत्काल खारेज गर्न हाम्रो संगठन जोडदार माग गर्दछ ।

वर्तमान केपी शर्मा ओली नेतृत्वको सरकारले चौतर्फी विरोधका बाबजुद एकपछि अर्को नियन्त्रणमुखी र निरंकुश विधेयहरू ल्याएर फासिवादी शासनका निम्ति कानुनी आधार तयार पार्न खोजेको देखिन्छ । विगत शाहवंशीय राजा र राणाहरूको निरंकुश शासन व्यवस्थालाई बिर्स्याउने गरी ल्याइएका प्रेस तथा नागरिक स्वतन्त्रताविरोधी विधेयक तथा कानुनहरूको घोर विरोध गर्दै हाम्रो संगठन खारेजीको माग दोहोर्‍याउँदछ ।

साथै, हाम्रो संगठन नेपाल पत्रकार महासंघ, नागरिक समाज तथा विभिन्न सम्बन्धित संघ/संगठनहरूले त्यस्ता विधेयक तथा कानुनहरूको विरुद्धमा आयोजना गरिने कार्यक्रम तथा आन्दोलनप्रति ऐक्यबद्धता जाहेर गर्दछ र सम्बन्धित सबैलाई आन्दोलित हुन आव्हान समेत गर्दछ ।'

## सिडिओमार्फत्...

सिडिओमार्फत् प्रधानमन्त्री केपी ओलीलाई ज्ञापन पत्र बुझाएको छ । मोर्चाका जिल्ला अध्यक्ष छविलाल घलेको नेतृत्वमा गएको मोर्चाको टोलीले अतिक्रमित लिम्पियाधुरा, लिपुलेक, कालापानी लगायतका नेपाली भूभाग फिर्ता गर्न अविलम्ब ठोस कदम चाल्न माग गर्दै ज्ञापन पत्र बुझाएको हो ।

ज्ञापन पत्र बुझाउने क्रममा नेकपा (क्रान्तिकारी माओवादी)का केस नारायण अधिकारी, गोरखा जिल्लाका पार्टी सेक्रेटरी कृष्ण कट्टेल लगायतका नेताहरूको समेत उपस्थिति रहेको थियो । नेता कट्टलले वाचन गरेर सुनाएको ज्ञापन पत्रका विषयमा नेता अधिकारीले स्पष्ट पारेका थिए ।

## देश र...

स्मृति दिवस मनाएको हो ।

स्मृति दिवसलाई नेकपा (क्रान्तिकारी माओवादी)का महासविच मोहन वैद्य'करिण'ले सम्बोधन गर्दै भक्तबहादुर श्रेष्ठले नेपालको कम्युनिस्ट क्रान्तिकारी आन्दोलनमा पर्‍याएको योगदानको विषयमा चर्चा प्रस्तुत गर्दै भक्तबहादुर श्रेष्ठको आदर्श भनेको देश र जनताको मुक्तिका निम्ति अविचल रहनु हो भन्नुभयो ।

कम्युनिस्ट आन्दोलनभित्र क्रान्तिकारी लाइन बनाउन र त्यसलाई स्थापित गर्न अन्तरसंघर्ष र वर्गसंघर्ष दुवै हिसाबले महत्वपूर्ण भूमिका खेल्नुभएको चर्चा गर्दै भक्तबहादुर श्रेष्ठ त्याग, समर्पण र निरन्तर क्रान्तिको एउटा आदर्श भएको बताउनु भयो ।

भक्तबहादुर श्रेष्ठले क्रान्तिका लागि जिन्दभीभर दुःख पाएको र आफू नाङ्गै भएर पनि क्रान्तिकारी विचार र आदर्शबाट कहिल्यै विचलित नभएको चर्चा गर्दै उहाँको जीवन र कर्मबाट बाँचेको पुस्ताले धेरै सिक्नुपर्ने कुरा औल्याउनु भयो ।

प्रतिष्ठानका अध्यक्ष सीपी गजुरेलको अध्यक्षतामा सम्पन्न भएको स्मृति दिवसमा क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य रामसिंह श्रीस, नेकपा (माके)का शुशिल, इच्छुक प्रतिष्ठानको तर्फबाट प्रा.डा. जगदीश चन्द्र भण्डारी र भक्तबहादुर श्रेष्ठकी छोरी प्रभा श्रेष्ठले उहाँको बारेमा विस्तृतमा चर्चा गरेका थिए ।

कार्यक्रमको सञ्चालन हरिकृष्ण गजुरेलले गरेका थिए ।

# नेवा: राष्ट्रिय मुक्ति मोर्चाको नुवाकोट जिल्ला भेला सम्पन्न



नेवाः राष्ट्रिय मुक्ति मोर्चाको आयोजनामा एकदिवसीय नुवाकोट जिल्ला भेला मोर्चाका केन्द्रिय अध्यक्ष पवनमान श्रेष्ठको प्रमुख आतिथ्य तथा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ ३ नं. प्रदेश संयोजक अर्जुनलाल श्रेष्ठद्वारा कार्यक्रम सञ्चालन गरि समापन गरियो ।

सानो मङ्गलदास श्रेष्ठको संयोजकत्वमा ३१ सदस्यीय नेवाः राष्ट्रिय मुक्ति मोर्चा नुवाकोट जिल्ला सङ्गठन समिति गठन भयो । जस्का पदाधिकारीहरू निम्नलिखित छन् :– सहसंयोजकहरू सन्तुमाया श्रेष्ठ (विदुर न.पा. ३) र कृष्णलाल श्रेष्ट (बेलकोटगढी न.पा.७) र सचिवमा मङ्गलदास श्रेष्ठ रहनुभएको छ । त्यस्तै अरु सदस्यहरूमाः–(१) कृष्णमान श्रेष्ठ, विदुर-३ (२) अमृतमान श्रेष्ठ, (विदुर-३) (३) एकमान श्रेष्ठ, (विदुर-३), (४) इन्द्रमान श्रेष्ठ, (विदुर- ३), (५) नन्दलाल श्रेष्ठ, (विदुर- ३), (६) शिवलाल श्रेष्ठ, (विदुर- ३), (७) विकास श्रेष्ठ, (बेलकोटगढी-७), (८) जनक श्रेष्ठ, (विदुर न.पा.-४), (९) सुरेश डङ्गोल, (विदुर न.पा.-४), (१०) बेलिमाया श्रेष्ठ, (विदुर न.पा. ३), (११) सुन्तली श्रेष्ठ, (विदुर न.पा. ३), (१२) कमला श्रेष्ठ, (विदुर न.पा. ३), (१३) सन्तोष श्रेष्ठ, (विदुर न.पा. ३), (१४) बाबुकाजी श्रेष्ठ, (विदुर न.पा. ३), (१५) इन्द्रमान श्रेष्ठ, (तारकेश्वर गा. पा. ४), (१६) अनीरकुमार श्रेष्ठ, (तादी गा.पा.३), (१७) ठुलो इन्द्रमान श्रेष्ठ, (विदुर न.पा. ३), (१८) सानो एकमान श्रेष्ठ, (विदुर न.पा. ३), (१९) बुद्धिमान श्रेष्ठ, (विदुर न.पा. ३), (२०) सूर्यलाल श्रेष्ठ, (विदुर न.पा. ३), (२१) मोहनलाल श्रेष्ठ, (विदुर न.पा. ११), (२२) हर्कलाल श्रेष्ठ, (विदुर न.पा. ३), (२३) पुरुषोत्तम श्रेष्ठ, (तारकेश्वर-४), (२४) सरोज श्रेष्ठ, (विदुर न.पा. ३), (२५) कृष्णलाल श्रेष्ठ, (नेवाः), (बेलकोटगढी-८) तथा २ सदस्य पछि थप गर्ने गरि ३१ सदस्यीय कार्यसमिति गठन गरियो जस्मा कृष्णमान श्रेष्ठ र नारायणदास श्रेष्ठ सल्लाहकार रहनेसमेत निर्णय गरियो ।

# एक हप्ते नि:शुल्क पत्रकारिता तथा उद्घोषण तालिमको समापन



काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी) ३ नं. प्रदेशको आयोजनामा सञ्चालित एक हप्ते निःशुल्क पत्रकारिता तथा उद्धोण तालिमको समापन गरिएको छ । क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा पार्टी पीवीएम पवनमान श्रेष्ठ, पार्टी केस तथा ललितपुर इन्चार्ज क्षितिज, पार्टी केस तथा भोजपुर इन्चार्ज डिल्लीराम बोहरा, अखिल (क्रान्तिकारी)का केन्द्रीय अध्यक्ष हरिकृष्ण गजुरेल लगायतका नेताहरूको उपस्थिति रहेको थियो । प्रमुख अतिथि नेता गजुरेलले हरेक आन्दोलनमा विद्यार्थीहरूले अग्रणी भूमिका खेल्दै आएको चर्चा गर्दै जारी राष्ट्रिय स्वाधीनताको आन्दोलनमा पनि अग्रणी भूमिका खेल्नुपर्ने आवश्यकता औल्याउनु भएको थियो ।

कार्यक्रममा प्रशिक्षार्थीहरूलाई प्रमुख अतिथिबाट प्रमाण पत्र समेत वितरण गरिएको थियो । कार्यक्रममा प्रशिक्षकमध्येबाट क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सदस्य तथा काठमाडौं जिल्ला संयोजक सागर श्रेष्ठको उपस्थिति रहेको थियो । कार्यक्रममा प्रशिक्षक सागर श्रेष्ठ र प्रशिक्षार्थीहरूले तालिमका बारेमा अनुभव समेत सुनाएका थिए । कार्यक्रममा नेवाः राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष समेत रहेका नेता पवनमान श्रेष्ठ, आयोजक संगठनका अध्यक्ष हरिकृष्ण गजुरेल लगायतका नेताहरूले पनि विध्यार्थी आन्दोलनलाई सशक्त रूपमा अगाडि बढाएर लैजानुपर्ने विचार व्यक्त गर्नुभएको थियो । कार्यक्रममा क्रान्तिकारी माओवादीका काठमाडौं जिल्ला सचिव खगेन्द्र छन्त्याल, राम नेपाली, संगठनका महासचिव पेशल दाहाल, सचिव सुर्य कार्की लगायतका नेताहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा अखिल (क्रान्तिकारी)की उपाध्यक्ष समेत रहेकी विद्यार्थी नेतृ शिलु न्यौपानेको अध्यक्षता र संगठनका केस हिक्मत महराको सञ्चालन रहेको थियो । पत्रकारद्वय सागर श्रेष्ठ र जयनारायण दाहालले आफ्नो क्यामेरामा कैद गरेका तस्बीरहरूलाई यहाँ फोटो फिचरको रूपमा प्रस्तुत गरिएको छ ।


**शीत लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुनसक्छ त्यसैले**

- न्यानो पडाको जोहो समयमै गरौं ।
- शीत लरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राती सुत्दा शरीरका साथै अनिवार्य रपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं ।
- शीत लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खानेकुराहरू खाने बानीको विकास गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# मोदीको फासिवादकाविरुद्ध करोडौं भारतीय मजदुरहरू आन्दोलित






नयाँ दिल्ली। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी तथा सत्तारुढ भाजपाको फासिवादी शासनका विरुद्ध करोडौ भारतीय मजदुरहरू सडकमा निस्किए । भारतीय मजदुरहरूले बुधबार मोदीको फासिवादका विरुद्ध ऐतिहासिक आमहड्ताल गरे। विभिन्न मजदुर सङ्गठनको आयोजनामा भएको हड्तालमा पच्चीस करोड मजदुरहरूले भाग लिएको बताइएको छ । विभिन्न सङ्गठित तथा असङ्गठित क्षेत्रका औद्योगिक, वित्तीय र अन्य सेवा क्षेत्रका मजदुरहरू हडतालमा सहभागी भई भारतका प्रमुख सहरमा प्रदर्शन गरेका थिए। प्रहरी प्रशासनले अधिकांश सहरमा मजदुर प्रदर्शनमाथि पक्राउ र दमन गरेको थियो । मजदुर हड्तालमा किसान, विद्यार्थी, युवा, सामाजिक अभियन्ता, बुद्धिजीवी, प्राध्यापक, शिक्षक आदि जनसमुदायको ठूलो उपस्थिति थियो। मजदुरहरूले रेल सेवा, यातायात सेवा, कार्यालय, उद्योग कलकारखाना आदि बन्द गराएका थिए ।

भारतको अर्थतन्त्रमा आएको ह्राससँगै कठिन बनेको भारतीय जनताको जीवनलाई मजदुरहरूले हडतालको प्रमुख मुद्दा बनाएका थिए। अर्थतन्त्रमा आएको सुस्ततासँगै भारतमा बेरोजगारीको सङ्ख्या निकै बढेको छ। भारतमा हाल ७ करोड ३० लाख मानिस बेरोजगार छन् । उनीहरूमध्ये अधिकांश युवाहरू छन् । भारतले आजसम्मको इतिहासमा देखेको यो नै सबभन्दा ठूलो बेरोजगारको समूह हो । संसारकै सबभन्दा ठूलो बेरोजगारीको सङ्ख्या यतिबेला भारतमा छ। भारतको अर्थतन्त्रको मासिक विश्लेषण गर्ने एक संस्था 'सेन्टर फर मोनिटरिङ इन्डियन इकोनोमी'ले सन् २०१९ को डिसेम्बरमा बेरोजगारी दर ७.७ प्रतिशतले बढेको बताएको छ।

सहरी क्षेत्रमा बेरोजगारी अझ बढेको छ । सहरी क्षेत्रहरू रोजगारीका केन्द्र हुन् भन्ने आमबुझाईलाई लत्याउँदै भारतमा हालको सहरी बेरोजगारी ८.९ प्रतिशत पुगेको छ । भारतीय मजदुरहरूले प्रधानमन्त्री नरेन्द्र मोदी सरकारको अदूरदर्शी नीतिको कारण नै बेरोजगारी समस्याले विकराल रूप लिएको बताएका छन् । नरेन्द्र मोदी सत्तामा आएयता भारतीय मजदुरहरूले यसप्रकारको बृहत् हडताल गरेको यो चौथो पटक हो ।

मजदुरहरूले सार्वजनिक क्षेत्रमा सरकारले गर्दै आएको लगानी कटौतीको पनि विरोध गरेका छन् । सरकारी लगानी कटौती गर्दा निजी क्षेत्रको प्रबर्द्धन भई रोजगारी सिर्जना हुने भनिए पनि भारतमा त्यस्तो नभएको मजदुर हरूले बताएका छन् । बरू जनताको करबाट जम्मा भएको सरकारी कोष अनुदान र छुटको नाममा उद्योगपति र पुँजीपतिले कुम्ल्याएको र मजदुरहरूको हात फेरि पनि रित्तो भएको भन्दै मजदुरहरूले सरकारप्रति आक्रोश पोखे। मजदुरहरूले हड्तालमा विभिन्न श्रम कानुनमा सरकारले गर्न लागेको संशोधनको पनि विरोध गरे । मोदी सरकारले अघि सारेको संशोधन प्रस्तावले मजदुरको रोजगारी र अन्य सुविधा थप अनिश्चित गर्ने छ । संशोधित कानुनले मजदुरमाथि काम गर्ने समय थप्ने छ, कार्यभार बढाउने छ, रोजगारी जोगाउन मालिकमाथि थप निर्भर बनाउनुका साथै मजदुरको सङ्गठित बन्ने अधिकारलाई कुण्ठित बनाउने छ।

मजदुरविरोधी सो कानुनले कानुन उल्लङ्घनको नाममा मजदुरमाथि थप जरिवाना गर्ने, मजदुरबाट कानुन उल्लङ्घनको अवस्था बनाउने र फलतः शोषणको दायरा अझ फराकिलो बनाउने मजदुरहरूको भनाइ छ। मजदुरहरूले भारतका श्रमिक जनताबीच विभाजन ल्याउने हालै संसद्बाट पारित नागरिकता संशोधन ऐन (सीएए) र प्रस्तावित राष्ट्रिय नागरिकता पञ्जीकरणको पनि विरोध गरेका छन्। उनीहरूले ती व्यवस्थाले मजदुरहरूबीच विभाजन ल्याउने र विभाजित मजदुरहरूलाई शोषण गर्न थप सहज बनाउन भन्दै विरोध जनाए। यसले भारतीय जनता पार्टीको माउ सङ्गठन राष्ट्रिय स्वयम्सेवक सङ्गठन (आरएसएस) को धर्मको आधारमा समाजमा विभाजन ल्याउने नीतिलाई सफल बनाउने मात्र होइन, बरू भारतीय संविधानको मूलभावनाको समेत उल्लङ्घन गर्ने मजदुर हरूको भनाइ थियो।

मजदुरहरूले भारतका विभिन्न विश्वविद्यालय र सहरमा सत्तारूढ दलसम्बद्ध सङ्गठनहरूले विद्यार्थी, प्राध्यापक, अल्पसङ्ख्यक र मुसलमानहरूमाथिको हिंसात्मक दमनको पनि विरोध गरेका थिए । हड्तालप्रति ऐक्यबद्धता व्यक्त गर्ने भारतका विभिन्न प्रमुख विश्वविद्यालयमा विद्यार्थीहरूले प्रदर्शन गरेका थिए। गत आइतबार राति विद्यार्थी र प्राध्यापकमाथि सत्तारूढ दलसम्बद्ध सङ्गठनले निर्मम कुटपिट र भाँचकुच गरेको जवाहरलाल नेहरू विश्वविद्यालयका विद्यार्थीले बुधबारको प्रदर्शनमार्फत मजदुर हड्तालप्रति ऐक्यबद्धता व्यक्त गरेका थिए। आइतबार साँझ भारतको राजधानी नयाँ दिल्लीस्थित जवाहरलाल नेहरू विश्वविद्यालय (जेएनयू) का प्राध्यापक र विद्यार्थीमाथि भएको निर्मम हमलाको सर्वत्र निन्दा भइरहेको छ । आइतबार साँझ जेएनयूको प्राध्यापक सङ्गठनले आयोजना गरेको कार्यक्रममा मुखमा रुमाल बाँधेका केही हतियारधारीले अचानक गरेको भौतिक हमलामा परी दर्जनौं प्राध्यापक र विद्यार्थीहरू गम्भीर घाइते भएका थिए । हमलाकारीहरू भारतको सत्तारुढ भारतीय जनता पार्टीको विद्यार्थी सङ्गठन अखिल भारतीय विद्यार्थी परिषद् (एभीबीपी) सम्बद्ध विद्यार्थीहरू भएको विभिन्न प्रमाण सार्वजनिक भएका छन् ।

## चार महिने...

स्वाधीनताको रक्षा र सङ्गठन विस्तार अभियान' राखिएको छ र राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका लागि सङ्घर्ष र सङ्गठन विस्तार यो अभियानको महत्वपूर्ण कार्यभार रहेको छ।

**यस्ता छन् अभियानका उद्देश्यहरू**

क्रान्तिकारी माओवादीको स्थायी समितिले तयार पारेको निर्देशिकामा पाँचवटा बुँदामा अभियानका उद्देश्यहरूलाई सुत्रबद्ध गरिएको छ । जस अनुसार, (१) राष्ट्रिय स्वाधीनताको रक्षा गर्नु, भारतद्वारा लिम्पियाधुरा सहित कालापानी क्षेत्रलाई गाभी बनाइएको नयाँ नक्साको विरोध र लिम्पियाधुरा, कालापानी, लिपुलेक सहित अखण्ड नेपालको नक्सालाई स्थापित तुल्याउनु,

(२) कालापानी-सुस्ता-महेशपुर सहित समस्त सीमा अतिक्रमण, जनसंख्या अतिक्रमण, अर्थतन्त्र, राजनीति र संस्कृतिको क्षेत्रमा हुँदै आएको भारतीय हस्तक्षेपको विरोध गर्नु।

(३) मजदुर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम सहितका उत्पीडित वर्ग र जनसमुदायका हक, हित तथा अधिकारको पक्षमा सङ्घर्ष विकसित गर्नु।

(४) जनजीविकाका समस्यालाई जोडदार रूपमा उठाउनु, आर्थिक असमानता, महङ्गी, भ्रष्टाचार, कमिशनखोरी आदिका विरुद्ध आन्दोलन विकसित गर्नु ।

(५) नयाँ जनवादी क्रान्तिको तयारी गर्नु ।

(६) मार्क्सवाद-लेनिनवाद-माओवाद, समाजवाद तथा साम्यवादको पक्ष र साम्राज्यवाद, विस्तारवाद, वर्तमान सत्ता तथा संसदीय व्यवस्था र पश्चगामी सरकारको विरोधमा जनतालाई जागृत तुल्याउनु। आदि रहेका छन् ।

**अभियानका तीन चरण**

माघ १५ देखि चैत्र २४ सम्म चल्ने अभियान तीन चरणमा सम्पन्न गर्ने समय तालिका बनाइएको छ । निर्देशिकामा उल्लेख गरिए अनुसार पहिलो चरण : पुषदेखि माघ १४ सम्म हुनेछ। यसलाई क्रान्तिकारी माओवादीले तयारीको चरण भनेको छ । चरणमा विभिन्न बैठक, विभिन्न पक्षसित अन्तर्क्रिया, कार्यगत एकताका लागि पहल आदि गरिने उल्लेख गरिएको छ।

त्यसैगरी माघ १५ देखि चैत्र २४ सम्मलाई दोस्रो चरण भनिएको छ। यस चरणमा मूलतः पहाड तथा उपत्यका र मधेश/तराई क्षेत्रमा विभिन्न अभियान सञ्चालित गरिने, कार्यगत एकताका आधारमा सङ्घर्ष सञ्चालन गर्न प्रयत्न गर्ने र विभिन्न दिवसहरूलाई पनि आन्दोलनकै रूपमा मनाउने उल्लेख गरिएको छ।

त्यस्तै अभियानको उत्कर्षको रूपमा वैशाखको चौथो सातादेखि जेठको दोस्रो सातासम्म 'लिम्पियाधुरा जाऔं' अभियानलाई तेस्रो चरणमा सञ्चालन गरिने निर्देशिकामा उल्लेख गरिएको छ।

**अभियानका मूल नारा र अन्य नाराहरू**

क्रान्तिकारी माओवादीले अभियानको मूल नारा समेत तय गरेको छ। "राष्ट्रिय स्वाधीनता रक्षाको अभियानमा अगाडि बढौं ! सङ्गठन विस्तार गरौं !! राष्ट्रियता, जनतन्त्र र जनजीविकाका लागि सङ्घर्षमा उत्रौं !!! नयाँ जनवादी क्रान्तिको तयारी गरौं !!!!"लाई अभियानको मूल नारा बनाइएको छ । त्यसैगरी अभियान, आन्दोलन तथा संघर्षका नाराहरू पनि तय गरिएका छन् । जस अनुसार "(क) सन् १९५० लगायतका असमान सन्धि तथा संझौताहरू खारेज गर ! लिम्पियाधुरा, कालापानी, लिपुलेकलाई समेत समेटी अखण्ड नेपालको नक्सा सार्वजनिक गर ! कालापानी क्षेत्रबाट भारतीय सुरक्षा सेना हटाऊ ! सो क्षेत्रमा नेपाली सुरक्षा सेनाको स्थापना गर ! सीमा क्षेत्रमा नेपाली सुरक्षा बल बढाऊ ! सीमा नियमन गर ! (ख) सबै क्षेत्रका मजदुरहरूको तलव बृद्धि गर ! ठेकेदारी, करार तथा ज्यालादारी प्रथा खारेज गर ! किसानहरूलाई समुचित अनुदान देऊ ! कृषि उत्पादनको बजार व्यवस्था गर ! विचौलिया राजको अन्त गर ! भूमिहीन, गरीव, सुकुम्बासी, कमैया, हलियाहरूलाई जमीन देऊ ! शिक्षा, स्वास्थ, खाद्यसंप्रभुता, रोजगारी र आवासको व्यवस्था गर ! महिला, दलित, मुस्लिम तथा अपाङ्गहरूको हकअधिकार स्थापित विशेषाधिकारको व्यवस्था गर ! (ग) भ्रष्टाचार नियन्त्रण गर ! भ्रष्टाचारीहरूलाई कडा सजाय देऊ ! बलात्कारी तथा हत्याराहरूलाई कडा सजाय देऊ ! मूल्यबृद्धि नियन्त्रण गर ! अर्थतन्त्रको क्षेत्रमा साम्राज्यवादी तथा विस्तारवादी प्रभुत्व अन्त गर ! स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रको विकास गर ! (घ) पहिचान सहितको सङ्घीयता कायम गर ! पूर्ण समानुपातिक, समावेसी प्रतिनिधित्वको व्यवस्था गर ! तलदेखि माथिसम्म मातृभाषामा शिक्षा देऊ ! (ङ) बृटिश तथा भारतीय सेनामा रहेका नेपालीहरूलाई विना भेदभाव वेतन, पेन्सन तथा भत्ता देऊ ! गोर्खा भर्ती केन्द्र खारेजगरी स्वदेशमै रोजगारीको व्यवस्था गर ! (च) दश वर्षको जनयुद्धमा सहादत प्राप्तगरेका सहिद तथा वेपत्ता योद्धा परिवारजन र घाइते अपाङ्ग योद्धाहरूको शिक्षा, स्वास्थ्य तथा रोजगारीको व्यवस्था गर ! (छ) दलाल तथा नोकरशाही पुँजीवाद एवम् सामन्तवाद मुर्दावाद ! साम्राज्यवाद, विस्तारवाद तथा दक्षिणपन्थी संशोधनवाद मुर्दावाद ! नयाँ जनवादी क्रान्ति जिन्दावाद ! मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद ! सर्वहारा अन्तर्राष्ट्रियतावाद जिन्दावाद !" लगायत रहेका छन्। आवश्यकता अनुसार अन्य उपयुक्त नाराहरू पनि समावेश गर्न सकिने निर्देशिकामा उल्लेख गरिएको छ।

**को कसरी सहभागि हुन्छन् अभियानमा ?**

केन्द्रीय टोली, प्रदेश टोली र जिल्ला टोली गरी अभियानमा तीनवटा टोली परिचालन गरिने जनाइएको छ। केन्द्रीय टोलीमा पार्टी, संयुक्त मोर्चा र जवस मोर्चाहरूबाट न्यूनतम एक/एक जना, एउटा सांस्कृतिक टोली र एउटा पत्रकार वा सञ्चारकर्मी टोली रहने उल्लेख गरिएको छ।

त्यसैगरी प्रदेश टोलीमा पनि पार्टी, संयुक्त मोर्चा र जवस मोर्चाहरूबाट न्यूनतम दुई/दुई जना, एउटा सांस्कृतिक टोली र एउटा पत्रकार वा सञ्चारकर्मी टोली रहने जनाइएको छ।

त्यस्तै जिल्ला टोलीमा पार्टी, संयुक्त मोर्चा र जवस मोर्चाहरूबाट न्युनतम तीन/तीन जना र कार्यक्रम स्थलका अन्य कमरेडहरू तथा स्थानीय जनसहभागिता रहने उल्लेख गरिएको छ।

क्रान्तिकारी माओवादीले अभियानको अवधिमा गरिने कार्यक्रम तथा योजनाको समेत खाका तयार पारेको छ । निर्देशिकामा उल्लेख गरिए अनुसार जिल्ला स्तरमा पार्टी, संयुक्त मोर्चा र जवस मोर्चाहरूका नगर, गाउँ र वार्डसम्म सङ्गठन निर्माण र विस्तार, वर्ग सङ्घर्ष तथा प्रतिरोध सङ्घर्षका आधारहरूको खोजी, तयारी र सञ्चालन, प्रचारात्मक तथा भण्डाफोरमूलक कार्यक्रम, नेपालको वास्तविक नक्सा प्रदर्शन लगायतका कार्यक्रमहरू गरिने छन्।

त्यसैगरी प्रदेश स्तरमा मजदुर, युवा, विद्यार्थी, किसान, महिला, आदिवासी जनजाति, दलित लगायत जवस मोर्चाहरूका समिति बनाउने, साथै मधेशी, मुस्लिम, थारु मोर्चाका समितिहरू बनाउने, सम्पर्क मोर्चाहरूको निर्माण गर्ने, प्रमुख शहरहरूमा जनसभा, विरोध प्रदर्शन, प्रचारात्मक लगायत सङ्घर्षका कार्यक्रम सञ्चालन गर्ने र नेपालको वास्तविक नक्साको प्रदर्शन गर्ने, सम्बन्धित जिल्लाहरूमा सङ्गठन र सङ्घर्षका लागि नेतृत्व प्रदान गर्ने, समुचित कार्यविभाजनका काम मिलाउने लगायतका कार्यक्रमहरू रहेका छन् ।

त्यस्तै केन्द्रीय टोलीले जिल्लाका कम्तिमा तीनओटा नगर वा शहरहरूमा जुलुस, जनसभा, नक्सा प्रदर्शन लगायतका कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित जिल्लामा कम्तिमा एक ठाउँमा सीमा अवलोकन गर्ने, जनयुद्ध दिवस तथा सहिद सप्ताहका अवसरमा सहिद तथा वेपत्ता परिवारजन र घाइते-अपाङ्ग योद्धाहरूसित भेटघाट तथा शुभकामना आदान प्रदान कार्यक्रमको आयोजना गर्नेलगायतका कार्यक्रमहरू गरिने निर्देशिकामा उल्लेख छ।

**चार सहरबाट एकसाथ हुनेछ अभियानको उद्घाटन**

देशका चार सहरबाट माघ १५ गते एकसाथ अभियानको उद्घाटन गरिने छ । जस अनुसार प्रदेशहरू १ र २ नं. प्रदेशको अभियानको उद्घाटन काँकडभिट्टाबाट गरिनेछ । यो अभियानको उद्घाटन तथा नेतृत्व पार्टीका स्थायी समिति सदस्य तथा प्रवक्ता हरिभक्त कँडेलले गर्नुहुनेछ।

त्यसैगरी ७, ६ र ५ नं. प्रदेशको अभियान पश्चिम महेन्द्रनगरबाट सुरु हुनेछ। यो अभियानको उद्घाटन तथा नेतृत्व पार्टीका स्थायी समिति सदस्य रामसिंह श्रीसले गर्नुहुनेछ।

त्यस्तै काठमाडौंबाट सुरु हुने ३ नं. प्रदेशको अभियानको उद्घाटन काठमाडौंमा पार्टीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले गर्नुहुनेछ।

त्यसैगरी ४ नं प्रदेशको पोखराबाट सुरु हुने अभियानको उद्घाटन पार्टीका स्थायी समिति सदस्य परि थापाले गर्नुहुनेछ।

निर्देशिका अनुसार संबन्धित ब्युरो तथा प्रदेशहरूले पहाड, उपत्यका, भित्री मधेश र मधेश तराईका सबै जिल्लाहरूमा अभियान सञ्चालन गर्नु पर्नेछ र उक्त अभियानहरूलाई सञ्चालन तथा परिचालन गर्नका लागि सम्बन्धित केन्द्रीय ब्युरो, प्रदेश तथा जिल्लाहरूका बीच आवश्यक तालमेल मिलाउनु पर्नेछ । अभियानहरूको सञ्चालन र परिचालनको नेतृत्व सम्बन्धित ब्युरो इञ्चार्ज, प्रदेश इञ्चार्ज तथा प्रदेश सेक्रेटरीहरू र जिल्ला इञ्चार्ज तथा जिल्ला सेक्रेटरीहरूद्वारा गरिने छ।

परिस्थिति अनुसार उक्त अभियान र सङ्घर्षका कार्यक्रमहरूलाई परिमार्जित तथा हेरफेर गर्न सकिने प्रावधान पनि निर्देशिकामा राखिएको छ।

## प्रदेशको...

र भावनामाथि लात हान्दै वर्तमान ओली सरकारले ३ नं. प्रदेशको नाम उत्पीडित जातीय पहिचानको आधारमा नभई नदीको नामबाट नामाकरण गरेको प्रति नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध नेवाः राष्ट्रिय मुक्ति मोर्चा र ताम्सालीङ मुक्ति मोर्चाले कडा विरोध जनाएका छन् । उनीहरूले सडकमै उत्रिएर सो निर्णयको तीव्र विरोध जनाएका छन्।

आइतबार माइतीघर मण्डलामा नेवाः राष्ट्रिय मुक्ति मोर्चा र ताम्सालीङ राष्ट्रिय मुक्ति मोर्चाले संयुक्त रूपमा विरोध सभा आयोजना गर्दै उक्त निर्णयको कडा विरोध जनाएका हुन्। उनीहरूले त्यो निर्णय नसच्याएसम्म आन्दोलनलाई सशक्त बनाउने उद्घोष गरेका छन्।

आइतबार भएको विरोधसभालाई अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)का अध्यक्ष सीताराम तामाङ, नेवाः राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठ, ताम्सालीङ राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष फुर्नाम्गेल मोक्तान लगायतका नेताहरूले विरोध मन्तव्य व्यक्त गरेका थिए।

विरोध सभाको सञ्चालन खगेन्द्र छन्त्यालले गरेका थिए। कार्यक्रममा ओली सरकारका विरुद्ध चर्का नाराबाजी समेत भएका थिए।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# महाराजहरू



● मित्रलाल पंज्ञानी ●

***महाराजहरू सदैव भागवण्डा गर्ने ठाउँमा बस्छन् । काम जति अरूका भागमा र माम जति आफ्नो भागमा पार्नु उनीहरूको धर्म हो । यसो गर्दैनन् भने ती महाराजै हैनन् । मिलिजुली काम गरेर बाँडिचुँडी खाने सिद्धान्त महाराजहरूको होइन । को महाराज हो र को होइन भन्ने कुरा उसका बोली र व्यवहारबाट थाहा पाउने हो । त्यत्तिकै कोही पनि महाराज हुँदैन***

महाराजहरू हुकुमले देश चलाउँछन् । ठूला महाराजले सिङ्गै देश हुकुमले चलाउँछन् भने साना महाराजले कुनै सानो ठाउँ हुकुमले चलाउँछन् । घरका महाराजले घरमै हुकुम चलाउँछन् । यस्सो केही कुरा बोल्ने हो भने 'बडा जान्ने हुँदो रहेछ' भनेर चड्याम्म गालामा हानिदिन्छन् । त्राहिमाम हुन्छन् छोराछोरी । केही सानातिना मागहरू पनि राख्नु हुँदैन । उनका कृपाले जे प्राप्त हुन्छ त्यही लिनुपर्छ । परिवारका कसैसित केही सोधिरहनु जरुरी हुँदैन । यी महाराजले तास खेल्न मन लागे तास खेल्छन् । रक्सी पिउन मन लागे रक्सी पिउँछन् । घर बेच्न मन लागे घर बेचिदिन्छन् । जता जान मन लाग्यो उतैतिर हिड्छन् । अरू जम्मैको स्वतन्त्रता यी महाराजले एक्लै उपभोग गर्छन् । यिनका अर्थ न वर्थका पधुवा कुरामा सबैले सहमति जनाउनु पर्छ ।

महाराजहरूले अरू कसैलाई मान्छे गन्दैनन् । आफूलाई मात्रै गन्छन् । उनलाई हजूर भन्नुपर्छ अरूलाई तँ भन्छन् । अरू कसैलाई बोल्न दिदैनन्, आफू मात्रै बोलिरहन्छन् । उनी घमण्डका पोका हुन् जहाँ गयो त्यहीँ सदैव त्यही पोको खोलिरहन्छन् । आसपासका सबैलाई डसिरहन्छन् पोलिरहन्छन् । उनलाई म कुनै दिन मर्नपर्छ भन्ने होस पनि हुँदैन । जतिसुकै सत्य तथ्य र मार्मिक हुन् अरू कसैका कुराले उनलाई छुँदैन । उनलाई जति छुन्छ केवल आफ्नै भोग विलासको स्वार्थले छुन्छ ।

अमेरिका विश्व महाराज हो । भारत छिमेकी महाराज । नेपालका कहलिएका महाराजहरूका बारेमा सबैलाई थाहै छ । नकहलिएका महाराजका बारेमा अब थाहा हुनुपर्छ । सबै महाराजका बारेमा मैले मात्रै बताइरहेर साध्य पनि छैन । आ-आफ्ना ठाउँमा भएका महाराजहरूलाई आफू आफूले चिन्नुपर्छ ।

महाराजहरू सदैव भागवण्डा गर्ने ठाउँमा बस्छन् । काम जति अरूका भागमा र माम जति आफ्नो भागमा पार्नु उनीहरूको धर्म हो । यसो गर्दैनन् भने ती महाराजै हैनन् । मिलिजुली काम गरेर बाँडिचुँडी खाने सिद्धान्त महाराजहरूको होइन । को महाराज हो र को होइन भन्ने कुरा उसका बोली र व्यवहारबाट थाहा पाउने हो । त्यत्तिकै कोही पनि महाराज हुँदैन ।

लोकलाई माइनस नगरीकन कोही पनि मान्छे महाराज हुन सक्तैन । जब प्रत्येक ठाउँका प्रत्येक मान्छेको मर्मको सुनुवाई हुन्छ, तिनका विचारको सम्मान हुन्छ र तिनले आफ्नो सार्थक अस्तित्वको बोध गर्दछन् तब महाराज कहाँ रहन्छ ? तर अचम्म छ– महाराजहरूले पनि लोकतन्त्र भन्छन् । महाराजको मुखबाट निस्केको लोकतन्त्रको मनोविज्ञानले लोकलाई कीरा फट्याङ्ग्रा ठान्दछ । उनी सदैव विषादिको जोहो गरिरहेका हुन्छन् । महाराजहरू लोकतन्त्रका परमशत्रु हुन् ।

नेपालको लोकतन्त्रमा अहिले नयाँ महाराजहरूले भकुन्डो खेलिरहेका छन् ।

# सरले रोजेको बाटो

पूर्णबहादुर अधिकारी

तोरीखेतको सेरोफेरो सबै आफ्नो पोल्टाभरि कठिङ्ग्राउने चिसो बोकेर बसेको हुस्सुले छोपेको थियो । घाम उदाए-नउदाएको पनि थाहा भैरहेको थिएन । उज्यालोचाहिँ बाहिर उज्यालै देखिएकाले घाम निकै माथि नै आएका होलान् भन्ने अनुमान गर्न सकिन्थ्यो । केही दिनदेखि रुघा-खोकीले सताइरहेकोले मचाहिँ सिरकमै गुटमुटिई बसेको थिएँ ।

"सर, नमस्कार है ! कोठामा हुनुहुन्छ कि हुनुहुन्न ?" बाहिर बरन्डामा उभिएर एकजना युवकजस्तो मान्छे बोल्यो । उसको आवाज सुनेपछि मैले सिरकबाट निस्केर झ्यालबाट हेरें । उसले जाडोबाट जोगिन गलबन्दीले आधा अनुहार छोपेको रहेछ, मैले चिन्न सकिँन । भित्रैबाट सोधेँ मैले-"मैले त चिन्न सकिन त को बाबु हुनुहुन्छ ?" उसले उत्तर दियो-"एकछिन बसेरै कुराकानी गरेपछि मात्र चिन्नु होला सरले, म भित्रै आउँ कि ?" यो अनुरोध गरेर ऊ मैले ढोका खोल्ने प्रतीक्षामा उभिइरहेको हुन्छ । "भित्रै आऊ ढोका खोलेर" मैले भित्रै बोलाएँ । ऊ भित्र पस्यो, मैले कुर्चीतिर देखाएर इसाराले बस्न आग्रह गरेँ । ऊ बस्यो । ऊ बसिसकेपछि गलबन्दी पनि मुखबाट झारेर काँधमा राख्यो । यसपछि पनि मैले उसलाई यही केटो हो भनेर ठम्याउन सकिन र अलमलिएँ । मैले अलिकति असजिलो मान्दै भनेँ-"ठ्याक्कै ठम्याउन सकिन त बाबु मैले । आफैले परिचय खोल्नु पऱ्यो; बाबुले नै ।"

ऊ बोल्यो-"हुन सक्छ सरले भुल्नु भयो होला, तेह्र-चौध वर्षअघिको कुरा हो । म सानै फुच्चे त हुँदो हुँ त्यतिखेर । पारि गैंडाकोटको सूर्यज्योति बोर्डिङ्ग स्कुलमा सरले मलाई नौ-दश कक्षामा नेपाली विषय पढाउनु हुन्थ्यो ।" पाठ्यपुस्तकका कथा-कविताको विश्लेषण व्याख्या गर्ने सन्दर्भमा नेपालका सत्ताधारीहरू र नेपाली समाजको वर्ग विश्लेषण मिठो तरिकाले गर्नु हुन्थ्यो सरले । नेपालीहरू झन्झन् गरिबीको खाडलमा धसिँदै छन् र देशको अर्थतन्त्र झन्झन् पराधीन बन्दैछ भन्दै जुन किसिमले हामीलाई बुझाउनु हुन्थ्यो, हजुरको बुझाइबाट म निकै प्रभावित भएको थिएँ । म आफै पनि देखिरहेको थिएँ-देशलाई पुरातनवादीहरू र यथास्थितिवादीहरू लुट्दै थिए । त्यतिबेला एकातिर एकथरी मान्छेहरू आमूल परिवर्तनका लागि भनेर जनयुद्ध लड्दै थिए । त्यसको प्रभाव पनि सबैतिर आ-आफ्नै किसिमले पर्दै थियो । हेपिएका, थिचिएका र मिचिएकाहरूका आँखा खुल्दै थिए एकातिर भने अर्कातिर एकथरी भने बुझेर वा नबुझेर आफ्नो वर्गस्वार्थमा धक्का पर्ने ठानेर विरोधी मोर्चामा लामबद्ध हुन थालेको स्थिति थियो । त्यस्तो समयमा हामी हुर्कदै थियौँ । सरले नेपाल र नेपालीको स्थिति बुझाउनु हुँदा देशमा उठ्न थालेको द्वन्द्वको भूकम्पले हामीलाई पनि थर्काइरहेको थियो ।"

म उसको कुरा सुनेर स्पष्ट भइरहेको थिएँ । यो उही स्कुले ठिटो रहेछ जो कक्षामा गम्भीर भएर मेरो व्याख्यान सुनिरहन्थ्यो । कक्षामै पनि र बाहिर कतै घाम तापिरहेका बेला मलाई भेट्दा पनि आफ्नो जिज्ञासा मेटाइदिन आग्रह गर्थ्यो । उसका मुखमुद्रा र गंभीर प्रश्नहरू सुन्दा लाग्थ्यो यो केटो अरुभन्दा बेग्लै खालको छ । तर देशका दिन-रातहरू अत्यन्त भयावह रूपमा बित्दै थिए । को कतिबेला निरङ्कुश शाही सेनाको पञ्जामा पर्छ र सिद्धिन्छ केही भन्न नसकिने स्थिति थियो । मलाई डर लाग्थ्यो-"कतै यो होनहार केटो पनि बाघ र ब्वाँसाहरूको शिकार त बन्दैन । देशका अधिकांश युवाहरू सुरक्षा र रोजगारीको खोजीमा विदेश भासिइरहने ती दिनहरूमा देशमा युवाहरूको सङ्ख्या पातलिँदै थियो । जे-जति विदेश भासिनबाट बँचेका थिए तिनले पनि कर्तव्य पहिल्याइरहेको देखिँदैनथ्यो ।" मैले यी कुरा मनमा खेलाइरहँदा ऊ कुनै पत्रिका पढ्दै थियो ।

मैले बुढियालाई भान्छातिर सङ्केत गरेर बोलाएँ-"ए निर्मला ! यता कोठातिर आऊ त ।" उनी पनि एकछिनपछि आइन् । कोठामा पसेपछि मेरो त्यो विद्यार्थीसित उनलाई परिचय गराएँ । उसले उठेर अभिवादन गऱ्यो र आफ्नो नाम बतायो । "म रमेश, बाह्र-तेह्र वर्षअघिको सरको विद्यार्थी ।" अभिवादन फर्काएपछि "ल म चिया बनाएर ल्याउँछु है" भनेर निर्मला भान्छातिर पसिन् ।

मैले यो अप्रत्यासित रूपमा आइपुगेको होनहार छात्रलाई आफ्नै अगाडि पाइरहेछु । यतिका वर्षसम्म उसले आफ्नो समय कसरी बितायो ? कतिसम्म पढ्यो ? उसको पारिवारिक स्थिति के छ ? गएको त्यस्तो उथलपुथलका बेला ऊ कहाँ बस्यो ? के गऱ्यो केही अत्तोपत्तो छैन । यतिका वर्षपछि के सोचेर झुल्कियो यो केटा मेरा अगाडि ? केही भन्न भ्याएको पनि छैन ।



मैले ऊसँग उसको जीवनकथा थाहा पाइमाग्नु पर्ने कुरा सोचें र भनें-"बाबु रमेश आज तिमीलाई यसरी अप्रत्यासित रूपमा आफ्नै घरमा भेट्न पाउँदा म औधी खुसी छु । यतिका वर्षपछि मलाई नै सम्झी आएछौ खुसी र आश्चर्य दुबै लागिरहेछ । पक्कै पनि कुनै कारण नभई त आएनौ ? केही सहयोग गर्ने अवसर मलाई मिल्छ र ? यतिका उथलपुथलका दिनहरू कसरी बितायौ ? पारिवारिक स्थिति कस्तो छ ? सबै बताऊ न मलाई ।" मैले यति कुरा भन्दै गर्दा निर्मलाले चिया लिएर आइन् । चिया हाम्रा लागि टेबुलमा राखिदिइन् । निर्मलाले रमेशलाई खानाको निम्ता गरिन्-"बाबु ! आज खाना यतै खाने है; मैले बनाउन लागेकी छु ।" निर्मला आज खुसी थिइन् किनकि देश बनाउन आफ्ना सबै स्वार्थ त्यागेर लागिपरेका युवाहरूलाई आफ्नै सन्तान मानेर हेरचाह गर्ने त उनको सोख नै बनिसकेको थियो । फेरि केही वर्षयता आएर आफ्नो एकमात्र सन्तानसँगको बिछोडलाई भुल्न जमर्को गर्दैथिइन्, जो २०५८ सालको कालरात्रीमा विपत्ता भएको थियो । मध्येरातमा ब्वाँसाहरूझैँ पसेर शाही सेनाले लतार्दै लगेको थियो हाम्रो एकमात्र प्यारो सन्तानलाई । त्यो आजसम्म फर्केको थिएन । हाम्रा निम्ति त्यो पीडाको किलो बनेर गडिरहेको थियो मुटुमा । मलाई लाग्यो-"त्यो रमेशले फेरि त्यही पीडा बल्झाइदिने भयो ।"

रमेश निर्मलाको आग्रहलाई पन्छाउन खोज्दै थियो र भन्यो-"हैन गुरुआमा अहिले दुःख नगर्नुहोस् खानाको । म नारायणपुर फुपूकहाँ खान्छु, उतै बनाउनु हुन्छ फुपूले । बेलुका उतै बसेको थिएँ । हजुरहरूको घर यतै पर्छ भन्ने सुनेर सोध्दै आएको हुँ भेट्न मन लागेर मात्र ।"

निर्मला उसको आग्रहलाई किन मान्थिन् । सायद रमेशको अनुहारमा आफ्नो छोराको अनुहार देखिरहेकी थिइन् उनले । उनले भनिन्-"कहाँ हुन्छ बाबु ! यतिका वर्षपछि आउनु भएको छ, खाना नखाई कहाँ पठाउँछु र म । उहिल्यै त मेरो रवि छँदा उसका कति साथीहरू आइरहन्थे, बस्थे, हाँसखेल गर्थे, कहिले गंभीर बहस गर्थे, कहिले साउतीमा कुरा गर्थे । सेना-पुलिसको त्रास त थियो नै तैपनि रमाइलो थियो घर । मेरो एउटा मात्रै छोरा नभएर धेरै छोरा छन् भन्ने लाग्थ्यो ।" उनले यसो भन्दा उनका आँखा आँसुले टल्पल देखिए । उनी बैठक कोठामा अडिरहन सकिनन् । भान्छातिर लम्किहालिन् । मेरो मन पनि पीडाले गाँठो पऱ्यो । केहीबेर त बोल्ने कुरा पनि सुझेन मनमा । कोठा चकमन्न रह्यो । रमेश पनि बोल्न सकेन । निर्मलाको खाना खाने आग्रहलाई उसले दोहोऱ्याएर इन्कार गर्न पनि सकेन ।

कुरा रमेशले नै सुरु गऱ्यो-"सर ! म सरकै स्थिति के रहेछ बुझ्न भनेर पनि आएको हुँ । रविलाई शाही सेनाले विपत्ता पारेको पनि दुई वर्षपछि साथीहरूको माध्यमबाट थाहा पाएको थिएँ मैले । त्यसपछि धेरैवर्ष बिते । २०६१ सालमा चुनवाङमा हाम्रो सपनाको संसारमा विष छरिरहँदा म पूर्वी मोर्चामा थिएँ । हजारौं होनहार सपूतहरूले आफूलाई बलिदान दिएर मुक्तिको क्षणलाई नजिकै ल्याइरहेको अवस्था थियो । देशी-विदेशी शक्तिहरू हाम्रा स्वार्थी नेताका मनमस्तिष्कमा घुसेर विकृति ल्याइसकेका रहेछन् । त्यस्तो संवेदनशील समयमा नेताहरूमाथि अविश्वास गरेर विद्रोहको नेतृत्व गरिहाल्ने स्थिति पनि त्यतिबेला कसैको बनेन । फेरि नेतृत्वको सम्पूर्ण पङ्क्ति नै यसरी गद्दारको पङ्क्तिमा ओर्लेला भन्ने कसैको अनुमान नै भएन । संसारकै इतिहासमा यो नौलो घटना थियो । अरु देशको इतिहासमा त कुनै-कुनै नेता मात्रमा त्यस्तो विकृति आएको पढ्न पाइन्थ्यो ।

२०६१ सालदेखि यता आएर यो देशमा के-कस्ता घटना घटे र कस्तो स्थिति अहिले हाम्रा सामू उपस्थित छ त्यो त सरले पनि हेरिरहनु भएको छ । हुँदा-हुँदा त संसदीय भासमा आएको पार्टी टुक्रा-टुक्रामा ध्वस्त भएको छ । संसदवादको विरोधमा क्रान्तिको झण्डा उचाल्नेहरू आज आफैं केही वर्षयता आएर संसदीय भासलाई नै आफ्नो आदर्श मान्न थालेका छन् । संसदीय भासमा आएपछि पनि पार्टी एउटा सिङ्गो सङ्गठन रहन सकेन । फुटेर क्षतविक्षत हुन पुग्यो । गरिब जनताको परिकल्पित समानतामूलक संसार चकनाचूर भएर गयो । त्यो त अब पनि तिनका सपनाका रूपमा मात्र रहने भयो । दुःखी मान्छेहरूलाई देखाइएको सपना त नेतागणलाई सिंहदरबार उक्लने भऱ्याङ बनाउनु मात्र रहेछ; बनाए । चौध-पन्ध्र हजारको त्यही सपना प्राप्तिका निम्ति ज्यान गयो । हजारौं हजार अङग-भङ्ग भए, हजारौं विपत्ता भए । हजारौंलाई जनमुक्ति सेनाबाट प्रतिक्रियावादी सेनामा मिलाउँदा अयोग्य भनेर मिल्काइयो । अहिले गरिब दुनियाँ र शुभचिन्तक सबैलाई नदीको मझधारमा ल्याएर नेतागणले सेफ ल्याण्डिङ् गरेका छन् र यसै स्थितिलाई क्रान्तिको ठूलो उपलब्धि भनेर निर्लज्ज प्रचार गरिरहेका छन् ।"

रमेशले एउटा लामै दुःखद इतिहासलाई मेरा अगाडि फैलायो । जुन इतिहास र वर्तमानको म पनि प्रत्यक्षदर्शी थिएँ । इतिहासको त्यो क्षणमा दुःखी जनताको घर-आँगनमा खेलिएको त्यो दुर्दान्त नाटक र आज प्रतिक्रियावादी आँगनमा खेलिएको यो हाँस्य नाटक म पनि नियालिरहेको थिएँ ।

निर्मला फेरि बैठककोठामा देखा परिन् । खाना खान भान्छामा आउन भनिन् । हामी दुबै गुरु, शिष्य भान्छामा पस्यौं । खाना खाँदै गर्दा हामीबिच केही कुरा भएनन् । खानाको गाँससँगै हिजोका ती दुःखद क्षणहरू र आफ्ना गुमेका मान्छेका अनुहारहरू गाँसगाँसमा आइरहे । खानाको स्वाद कस्तो थियो त्यो पनि हेक्का राख्न सकिने भएन । बरु निर्मलाले नै सोधिन्-"रमेश बाबु ! घरतिर बुबा, आमा र अन्य परिवार सबै सञ्चै हुनुहुन्छ होला नि ? अनि आफूले विवाह त गर्नु भयो होला नि ? कस्ती *बाँकी ७ पेजमा*

## कविता

# पृथ्वी घुम्न छोडेन



● परशुराम कोइराला ●

'पृथ्वीमाथि प्रतिवन्ध लगाऊ चाँडो !'
महामिम आदेश हो यो
किनभने पृथ्वी घुम्न नरोकिएको देखेर
महामिमहरू सबै विलखमन्द छन् ।
'.घुम्न प्रतिबन्धै लगाए पनि
पृथ्वी घुम्न अझै छोडेन र त महामिमहरू
विलखमन्द छन्
न हुरी र आँधी नै रोकिए
न आगाका छलाङहरू रोकिए
न विद्रोही हावा मुस्ला रोकियो
न महामिमआदेशका पालना गर्छ त्यो ,
न सरकार,मन्त्री आदेशले नै टेर्छ त्यो
हो,विल्कुल टेरेन
व्यारेक लगाउँदा टेरेन
कारावास गराउदा टेरेन
कुट्दा,पिट्दा,घिसार्दा टेरेन
मृत्यु नटेरी, पृथ्वी पनि घुमेको घुम्यै छ ।
पृथ्वी अटेर भएको छ
साझा हुँ भन्न किन छोड्दैन त्यो ?
मर्न,झुण्डिन,फुट्न किन सक्दैन त्यो ?
जिम्मुवाल(मुखिया विर्ता बनेर रोकिन
किन सक्दैन त्यो ?
महामिम आदेश छ-
'आऊ एउटै जडिबुटीमा हुर्केका
हामी मोटाहरू मिलौं, एकता गरौं
मोटाघाटा नपारिउन् अरू
दुब्लाहरूका घाँसकुँडो खोस्न, गरौं
बलियो एकता
घाँस,कुँडो अरूका नहुन्, नपारिऊन्
रविहरू नहुन् अरुका.., शीतलता नहुन्
कुनै छलाङहरू नआउन् अब
चाहिन्न,पुग्यो सबै'
अग्रगामी हावा रोक्न ,छेक्न
सबै मिलेर पृथ्वी घुम्न रोक्नुपर्छ
नमाने सुली चढाइ दिनुपर्छ'
महामिम आदेश थपिन्छ अरु निरन्तर -
'मीठो मसिनो लोभ गर्नेहरू मिलौं र
दरवार,बङ्गालासामु गोठकटेरा राख्नु हुन्न
गोरु व्याउँनु,खरायोमा सिङ पलाउनु
उस्तै हो
शासकहरू मिलेर पृथ्वी घुम्न रोकौं
नयाँ हावाहुरीहरू छेकौं र आफूलाई
ढल्न रोकौं चाँडै
समाजवादी यात्रा भन्दिनुपर्छ,पत्याउँछन्
ऋणले थिचिएका गोठहरूमा बरु छर्दिनु
अलिअलि बुर्की
अलिकति टाठाबाठाहरू किन्नु
अलिकता लगानी गर्नु कटेरा फुटाउन,
गोठकटेरा टुक्रिएपछि भोलिका विहान
हाम्रै हुनेछ ।'
महामिमका आदेश अरू थपिन्छ-
'आफ्नै दरवारका भोगविलास जोगाउन
कसिङ्गरविहीन गन्तव्य खोज्नु छ र त
पृथ्वी घुम्न रोक्नु छ ।'
'हो,फिलिङ्गा निभेपछि नै चुलाहरू
सुनसान हुनेछन्
तातो फिलिङ्गाले तर्सनु पर्ने छैन
छलाङविरोधी मकुण्डा हुनु छ र त
ससाना राहत फालौं बरू तर्साउने सकिनेछन् ..
फिलिङ्ला,मुस्ला हावाहरू रोकिएपछि
पृथ्वी घुम्न रोकिने छ र बलियाहरूकै हुनेछ
यो
जेल,नेल,दमन,यातना'ले नपुगे,
सुइरो उन र चढाऊ सुली..'।'
बिडम्वना !
महामिमहरू विलखमन्द छन्
न हावा र मुस्ले हुरीहरू नै रोकिए
न फिलिङ्गाहरू निभेर पोल्न छोडे ती
न पृथ्वी घुम्नै रोकियो
न महामिम आदेश पालना !
पृथ्वी घुम्न अझै छोडेन ।

*पोखरा, २०७६/०६/२६*

## गजल

*● बुद्धिलाल साह*

***गजल १***

*औंलामा गन्न सकिने मानिसहरू जसले केहि बस्तीहरू उजाडेको*
*र केही सपनाहरू भत्काएको छ भने,*
*ओठहरूमा राक्षसी मुस्कान आउन सक्छन्, यदि रोजी र*
*रोटीको समस्याले पीडित हुनुहुन्छ भने,*
*आँखाहरू रसाउन सक्छन् प्रतिशोधको भावनाले*
*शरीरका नसा नसामा ताता रगतहरू दर्गुन सक्छन् वलिदानीको भावनाले,*
*संवेदनाले हार्मोन ग्रन्थिहरू उम्लेपछि,*
*भित्रैदेखि ज्वालाको भक्कानो फुटेपछि,*
*विवेक र कर्तव्यबोधले दिमाग ब्युझेपछि*
*महङ्गी, वेरोजगारी र भ्रष्टाचारको पराकाष्ठा नाघेपछि*
*यसरी मूर्खतालाई पनि आफ्नो विवेक र बुद्धिको पराकाष्ठा ठान्नेहरूले*
*देशका हर्ता कर्ता ठान्ने स्थान र स्थितिमा हुन्नेहरूले ॥*

***गजल २***

*मान्छे- मान्छे एउटै हो नि फरक किन भयो*
*श्रम चल्छ, सीप चल्छ, पानी किन नचल्ने भयो,*
*बनाउँछ सुन्दर मूर्ति, सजिन्छ मन्दिर महलहरू*
*बजाउँछ बाजागाजा गुञ्जिञ्छ पहाड पर्वतहरू*
*कुन्नि किन दलित भनी हेला गर्नेहरू*
*कुकुरसमेत भित्र पस्दा किन बाहिर राख्नेहरू*
*पसिना जसले बगाउँछ, उसैलाई दासताको बन्धन छ,*
*श्रम पसिनाको खानी दलितलाई भेदभाव छ ,*
*अब दमन नसहौं, उठौं दलित सारा*
*समाजको रूप परिवर्तन गर्ने सम्पूर्ण दलितको अभिभारा,*

## महाराजाहरू...

छिन् बुहारी ? हामीलाई भेट गराउनु हुन्न, बाबु !"

निर्मलाको यो सोधनीले रमेशको अनुहार अँध्यारो देखियो। एकछिन पछि खाँदै गरेको गाँस रोकेर रमेशले भन्यो-"घरतिरको खबर त ठिकै छ गुरुआमा। जीवन सामान्य रूपमा चलेको छ। बुहारी अहिले छैनन् गुरुआमा। तिनले त क्रान्तिका निम्ति आफूलाई बलिदान गरिन्। २०६० सालको माघमा हामीले युद्धमोर्चामै बिहे गरेका थियौं। २०६१ सालको माघमा ओखलढुङ्गाको युद्धमा उनको सहादत भयो। क्रान्तिको झण्डा ढलेपछि मेरो मन शान्त रहन सकेन; त्यसैले बिहे गरेर नयाँ घरजम गर्ने रहर जन्मदै जन्मेको छैन गुरुआमा ! अहिलेसम्म।

खाना खाएर उठेपछि हामी फेरि बैठक कोठामा सुस्ताउँदै कुराकानीमा लाग्यौं। मैले सान्त्वना दिने उद्देश्यले रमेशलाई भनें-"त्यस्तो निराश भएर बाँच्ने हैन बाबु ! जानेहरू गए भनेर हामी बाँच्नेहरू तिनको पछि लाग्न सकिँदैन। हामीलाई त आफ्नो बाँकी जीवन बाँच्नु छ नि। अब बाबुले पनि नयाँ जीवनको सुरुवात गर्नु पर्‍यो। आज अँध्यारो भए पनि भोलि त सूर्य उदाउँछन् नि हैन र बाबु ?

रमेशले मेरो सुझावको उत्तर यसरी दियो-"म त्यस अर्थमा निराश भएको हैन सर ? जीवनसाथी गइहालिन् मलाई के बाँच्नु छ र भन्ने मेरो त्यस खालको निराशा होइन। त्यत्रो महान् उद्देश्यलाई आत्मसात् गरेर आफ्ना प्यारा आफन्तहरूलाई समेत त्यागियो। मृत्युको पनि परवाह गरिएन। ऊसँग पौंठेजोरी खोजेर हिँडियो। थुप्रै सहयात्री साथीहरूसँगको विछोडलाई पनि महान् उद्देश्यका लागि भनेर सहियो। अन्त्यमा गएर यस्तो पनि हुन सक्छ है भन्ने आभास कतैबाट भइदिएको भए बेलैमा एउटा बाटो तयार गरिन्थ्यो होला सर। तर केही गर्नै सकिएन भीरको डिलमै गाडी छोडेर चालक भागेजस्तै भयो। गतिको गाडी भीरको डिलमा छोडिदिएपछि यात्रीहरूले गर्न सक्ने अवस्था के रहन्छ र सर; लौ तपाईं नै भन्नुहोस् त।"

मैले रमेशलाई सम्झाउने उद्देश्यले भनें-"हो ! बाबुले लिएको चिन्ता एकदम सही हो। दुःखी जनताको अभिलाषाप्रति घोर बेइमानी गरिएको छ। क्रान्तिप्रति ठूलो गद्दारी गरिएको छ। नेता भइसकेपछि दूरदर्शी हुनुपर्थ्यो। उद्देश्य प्राप्तिको अन्त्यसम्म टिक्न सकिँदैन भन्ने लागेको भए क्रान्तिको झण्डा नै उठाउन हुँदैनथ्यो। के तिनले अलिकति बन्दुक र बमको हल्ला गरेपछि प्रतिक्रियावादी शासकहरूले सत्ता छोडिहाल्छन् भन्ने ठानेका थिए ? के युद्ध भनेको केटाकेटी खेल हो ? जसलाई त्यत्रो विश्व शक्तिले बोकेर काँधमा राखेको छ। यो त नेताहरूको एकदम बचकानापन भयो। परिणतिले यस्तै देखायो। नेताले देखेको र जनतालाई देखाइएको सपना एउटै रहेनछ; मलाई अहिले यस्तै लाग्दैछ।

मैले कुराको प्रसङ्ग फेर्न चाहेँ-"रमेश बाबु अब ती बितेका कुरातिर मात्र भावुक बनेर बग्ने होइन। एउटा पिँढीले परिवर्तनको भूकम्प ल्यायो, त्यो असफल भएर गयो। प्रतिक्रियावादी किल्लाहरू अलिअलि हल्लेमात्र, चर्कनसम्म पनि चर्केनन्। ढल्न त टाढाको कुरा भयो। त्यस्तै अर्को भूकम्पको धक्का तुरुन्तै आउनु पर्थ्यो आएन। पृथ्वीको आन्तरिक गतिविधि तुरुन्तै गतिशील हुन सकेन; फलस्वरूप भूकम्प पनि गएन। प्रतिक्रियावादीहरूलाई झन् सचेत गराए जस्तो मात्र भयो, मौका पाए सचेत हुने, सचेत भए। तत्काल त केही गर्न सक्ने स्थिति छ र रमेश बाबु ! म त केही देख्तिन। प्रतिभूकम्पले जे-जति नोक्सान पारेर गयो। त्यसमा दुःखित भएर मात्र साध्य हुँदैन।"

रमेश केही बोल्न खोजिरहेको म बुझिरहेको थिएँ। मैले भनें-"पर्ख रमेश मेरा कुरा सकिन देऊ। अब अरु केही सुन। जानेहरू पवित्र उद्देश्य प्राप्तिका निम्ति सहादत पाएर गए तिनलाई श्रद्धाञ्जलि दिऊँ। तिनका आदर्शलाई जोगाई राखौं। त्यो भूकम्पमा क्रान्तिको झण्डालाई उचालिरहन सकिएन। त्यसमा जनताको तयारी नपुगेकै हो। नेतालाई दह्रोसँग उभ्याउन त जनता पनि त दह्रो हुनुपर्थ्यो होला नि। त्यतै कतैतिर तयारी र होसियारी नपुगेकै हो। एउटा जमात, क्रान्तिमा लागेको जमात, एउटा भूकम्पमा पछारिइ सक्यो। कैयौं अङ्गभङ्ग भैसक्यो मानसिक तथा शारीरिक रूपमै अशक्त भैसक्यो। अब त्यो जमातबाट केही प्रतिक्रिया होला भन्न सकिँदैन। नयाँ युवापिँढी त्यो भूकम्पको परिणति हेरेर तर्सिएको छ। शासकवर्ग त्यो जमातलाई विदेशमा लखेटेर तीबाट आर्जित पसिनामै मोज गर्ने चिन्तनमा छ। विश्वमा बदनामीको र कलङ्कको टीका लगाउनु त उनीहरूलाई पर्ने होइन। जो वर्तमानमा हुर्कँदैछ त्यो पिँढी पनि विश्वको उपभोक्तावादी चिन्तनको दास बनिरहेको छ। तिमीहरूजस्ता दुई-चार जनाले के गर्न सकौला र खोइ ? हाम्रो पिँढी अब शारीरिक र मानसिक रूपले नै जर्जर भैसक्यो। के नै गर्न सकौंला र खोइ अब। त्यसैले अब केही वर्ष पर्खेर परिस्थिति तयार गर्ने हो कि ?

मेरा कुरा सुनिरहेको रमेशले अब धेरै कुरा सुन्ने धैर्य गर्न सकेन। उसले प्रतिवाद गर्‍यो। हात उठाएर भन्यो-"भयो सर अब जे-जति कुरा हजुरले भन्नु भयो ती सबै यथार्थ हुन्; यी होइनन् म भन्दिन तर हजुरका यी कुरा त पलायनतिर अग्रसर कुरा होइनन् र ? क्रान्तिमार्गमा लाग्दा एकचोटि हार भयो रे लौ। तर त्यसैबाट थच्चिएर बस्ने त ? उठ्दै नउठ्ने त ? यो त महान् उद्देश्य लिने व्यक्तिले सोच्ने कुरा हो र सर ? आज अँध्यारो छायो लौ ठिकै छ, भोलि पनि त यस्तै रहँदैन। हजुर आफैले भन्नु भएको होइन, आज घाम अस्ताएर अँध्यारो छाए पनि भोलि त घाम उदाउँछन् र उज्यालो न्यानो आउँछ।"

मैले भनें-"क्रान्तिको बाटोलाई पूरै र सधैंका लागि छोड्ने त मैले कहाँ भनें र रमेश। अहिले परिस्थिति सबै दृष्टिले अनुकूल छैन, त्यसैले विश्राम लिने र नयाँ परिस्थितिको खोज गर्ने हो कि भनेको मात्र हुँ मैले।"

रमेश मेरा यी कुराबाट पनि त्यति सन्तुष्ट भएन जस्तो देखियो। घडी हेर्‍यो र भन्यो "दुई बजिसकेछ, अब म पनि लागौं कि सर। आज फुपूको घर बस्छु। त्यहाँ केही भुल्नु पर्ने काम छ, भोलि गैंडाकोट जान्छु र पर्सितिर पोखरा हिँड्नु छ।"

उठ्दा-उठ्दै उसले भन्यो-"सर ! हामी विश्राम गरेर उमेर बुढ्याउने सोचमा छैनौं। हामी अब नयाँ किसिमले अघि बढ्न चाहन्छौं। हजुरको शुभाशीर्वाद हामीलाई चाहिरहन्छ। गुरुआमा ! हवस् त विदा भएँ है; पछि आउँला नि कुनै दिन" भन्दै ऊ निस्क्यो। निर्मला हेरिरहिन् केही बोल्न सकिनन्।

## युद्धक्रान्त...

इरान र साउदी अरबको बीचमा विद्वेषपूर्ण कटुता र प्रतिस्पर्धा रहनुमा अर्को महत्वपूर्ण कारक तत्व भेको स्वयं इस्लाम धर्मावलम्बीहरूका बीचमा रहेको साम्प्रदायिक विभाजन हो, जसअनुसार मुख्यतः शिया र सुन्नी गरी दुई पन्थमा छुट्टीएका इस्लाम धर्मावलम्बीहरू मध्ये शियाले इरान र सुन्नीले साउदी अरब लाई आ-आफ्नो केन्द्र मान्दछन्। त्यसरी इरान र साउदी अरबले आफुलाई केन्द्र मान्ने सम्प्रदायको समेत नेतृत्व गर्दछन् र सम्बन्धित सम्प्रदायको प्रभाव विस्तार एवं वर्चस्व कायम गर्नका लागि समेत पनि प्रतिस्पर्धात्मक कार्य गर्दछन र एक-अर्का पक्षमाथि हावी रहन निरन्तर प्रयत्नशील रहन्छन। जस्तै कतारलाई इरानसंग सम्बन्ध राखेको आरोपमा साउदी अरबको नेतृत्वमा संयुक्त अरब इमिरेटस, कुवेत, बहराइन, ओमन र इजीप्ट समेत मिलेर विगत तीन बर्ष देखि जल, स्थल र आकाश मार्गमा नाकाबन्दी लगाईएकोछ तर अहिले सम्म कतार झुकेको छैन।

पश्चिम एशिया (मध्यपूर्व) क्षेत्रमा आफ्नो प्रभाव विस्तार र नेतृत्व कायम गर्ने उद्देश्य पूर्ति गर्नका लागि इरान र साउदी अरब दुबैले आफ्ना पक्षधर एवं सहयोगिहरू लाई सहयोग र समर्थन गर्दछन। यस मामिलामा साउदी अरबभन्दा इरान अझै आक्रामक र व्यबस्थित रूपमा प्रस्तुत भएको देखिन्छ। त्यस प्रयोजनका निम्ति इरानले आफ्नो 'रिभोल्युस्नरी गार्डस कोर्ज' अन्तरगतको 'कुदस् फोर्स' लाई नै परिचालन गरि पठाउंछ। त्यसैगरि यमनको हुथी विद्रोही, लेबनानमा रहेको हेजबोल्ला र प्यालेस्टाइन स्थित हमास जस्ता सशस्त लडाकू समुहहरू इरानका सहयोगि एवं भाईचारा संगठनका रूपमा रहेकाछन। तुलनात्मक रूपमा सैन्य क्षमता र सामरिक सक्षमताका दृष्टिकोणले पनि साउदी अरबभन्दा इरान सबल र आत्मनिर्भर रहेकोछ। अमेरिकी साम्राजयवादले इराकमाथि आम विनाशकारी रासायनिक हतियार निर्माण एवं भण्डारण गरेको कथित आरोप लगाएर आक्रमण गरेपछि सद्दाम हुसैन(जो सुन्नी सम्प्रदायका थिए र इरानसंग आठ बर्ष लामो युद्ध गरेका थिए)को शासन अन्त्य भयो। तर त्यसको परिणास्वरूप बहुसंख्यामा रहेका शिया सम्प्रदाय इराकको सत्तामा आए र त्यसले इरानको लागि सकारात्मक योगदान पुर्यायो किनभने हिजोको शत्रु आज मित्रमा परिणत हुन पुग्यो।

पश्चिम एशिया (मध्यपूर्व) क्षेत्रमा द्वन्द्व र युद्धको अर्को महत्वपूर्ण कारक तत्वका रूपमा इजरायलको उपस्थिति रहेकोछ। दोस्रो विश्व युद्धपछि अमेरिकी पहलमा विशुद्ध यहुदीहरूको राज्य स्थापनार्थ इजरायलको श्रृजना गरीएको थियो जसलाई अमेरिकाको 'स्याटेलाइट स्टेट' भन्दा पनि अत्युक्ति हुँदैन। एक समय सम्पूर्ण अरब जगत एकातर्फ र अमेरिकाको पूर्ण सहयोगमा इजरायल अर्कोतर्फ भएर त्यो क्षेत्र नै क्षेत्रीय युद्धमा फसेको थियो। प्यालेस्टाइनी जनताहरूले त आज पर्यन्त आफ्नो राष्ट्रको पूर्ण स्वतन्त्रता र स्वाधीनता प्राप्तिका लागि लडिरहनु परेकोछ। इरानले इजरायललाई मान्यता दिदैंन र इजरायलको अस्तित्वलाई स्वीकार गर्दैन अर्थात् इजरायलको अन्त्य चाहन्छ। त्यसैले इरान र इजरायल बीचको यस्तो वैमनश्यता कायम रहंदासम्म त्यस क्षेत्रमा सदाबहार रूपमा द्वन्द कायम रहि युद्धको सम्भावना बनिरहने अवस्था रहन्छ। परिणामस्वरूप अमेरिकी साम्राजयवादले आफ्नो जबर्जस्त पस्थिति बनाई रहनेछ किनभने इजरायलको पक्षधरता लिनु र सुरक्षा गर्नु र अस्तित्त्व जोगाउनु उस्को प्राथमिक दायित्व भित्र पर्दछ।

अमेरिकी साम्राजयवादले सिरिया, इराक, कुवेत, कतार, साउदी अरब, बहरराइन, संयुक्त अरब इमिरेटस, ओमन, इजरायल र अफगानिस्तानमा समेत आफ्नो सैन्य उपस्थिति एवं अखडाहरू कायम गरेकोछ। यसरी इरानलाई अमेरिकी सैन्य बलको घेराबन्दिमा पारेर राखेकोछ। ती सबै देशहरूमा रहेको अमेरिकी सेनाको सङ्ख्या असी हजारको हाराहारीमा भएको बताईन्छ। त्यसैगरी इरानको अर्थतन्त्रलाई धराशायी बनाउने प्रयोजनका लागि उस्को विरुद्धमा व्यापक रूपमा आर्थिक नाकाबन्दी लगाएर इरानका अन्य व्यापार साझेदारहरूलाई पनि दवाब दिदैं आएकोछ। त्यसबाट चीन, भारत र युरोपीयन युनीयन समेत प्रभावित हुन पुगेका छन। यसरी अमेरिकी साम्राज्यवाद समकालीन विश्व राजनीतिक रङ्गमञ्चमा एक नम्बर युद्ध पिपासु शक्तिको रूपमा देखा परेकोछ। बर्तमान अवस्थामा विश्व हतियार बजारको सबैभन्दा बढी करिब पैंतीस प्रतिशत हतियार र सस्त्रास्त्रको व्यापार अमेरिकाले गर्दछ। अमेरिकाको अर्थतन्त्रमा हतियार व्यापारको ठूलो मात्रामा योगदान रहने गरेकोछ। त्यसकारण पनि अमेरिकाले विभिन्न वहानामा अन्य देशहरूमाथि जबर्जस्त युद्ध थोपर्दै आएकोछ। किनभने अरु देशमाथि अन्यायपूर्ण ढंगले युद्ध लादिंदा उस्को लागि हतियारको व्यापार पनि फस्टाउने अनुकूल स्थिति उत्पन्न हुन जान्छ। त्यसैले युद्ध उस्को 'हबी' वा रोजाईको विषय हो र त्यस प्रकारको युद्ध कार्यमा आफ्ना सहयोगी र पक्षधर देशहरूलाई समेत वाध्य पार्दछ।

अमेरिकी साम्राज्यवादको कारणले गर्दा कतिपय शक्ति राष्ट्रहरूले समेत अन्य राष्ट्रहरूको आन्तरिक मामिलामा एक वा अर्को पक्षलाई सघाउने निहुंमा हस्तक्षेपकारी भूमिका निभाएका छन। त्यसको एउटा ज्वलन्त उदाहरणको रूपमा सिरिया रहेकोछ। त्यहांको गृहयुद्धमा राष्ट्रपति असदको बिरोधि 'फ्री सिरियन आर्मी'लाई अमेरिकाले प्रत्यक्ष सहयोग गर्ने घोषणा र काम गरेपछि असदलाई सहयोग गर्न रुस आएको थिया`। त्यसैगरि अमेरिकाले पहिले सिरियाकै कुर्दिस फौजलाई साथमा लिएर आइएसआइका लडाकूहरू विरुद्ध कार्रवाई चलायो भने अहिले आएर कुर्दिस फौजको साथ छोडी दिएर त्यहां टर्कीले सिरियाको सार्वभौमिकतामाथि अतिक्रमण गर्ने र कुर्दिस फौजमाथि दमन गर्न पाउने स्थिति सिर्जना गराएकोछ। त्यति मात्र होइन अमेरिकी साम्राज्यवादले जुनजुन देशमा शासन सत्ता परिवर्तन गर्ने र गराउने ध्येयले सैन्य आक्रमण र हस्तक्षेप गरेकोछ, ती सबै देशहरूको राष्ट्रीय अबस्था व्यापक मात्रामा अस्थिरता र अस्तव्यस्तताको स्थिति बाट गुज्रीरहेकोछ। त्यसको ज्वलन्त उदाहरणका रूपमा प्यालेस्टाइन, अफगानिस्तान, इराक, लिबिया र सिरीयाको अबस्थालाई सिन सकिन्छ।

पछिल्लो समय आएर अमेरिकी साम्राज्यवादले इरानको रिभोलुस्नरी गार्डस कोर्ज को कुदस् फौजका जनरल कासिम सोलेमानिलाई ०३ जनवरी २०२० का दिन इराकको राजधानीको बगदाद विमानस्थलबाट बाहिरीने क्रममा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आदेशमा ड्रोनमार्फत क्षेप्यास्त्र प्रहार गरेर नृसंश ढंगले हत्या गरेकोछ जसमा सोलेमानीसंगै यात्रा गरीरहेका इनरानकै अर्का पपुलर मोबिलाइजेशन फोर्सका कमान्डर अल मुहन्दीसको समेत मृत्यु भएकोछ। यो घट्नाबाट अमेरिकी साम्राज्यवादले आफ्नो घृणित युद्ध पिपासु स्वरूपलाई झनै उदाङ्ग पारेकोछ। उक्त हत्याको बदलामा जवाफी कारवाही स्वरूप इरानले भोलिपल्ट इराक स्थित अमेरिकी हवाइ अखडा रहेको स्थानहरू एर्बिल र अल असदमा करिब दुई दर्जन क्षेप्यास्त्र प्रहार गरी हमला गरेकोछ। यस घटनाले गर्दा इरान(अमेरीका बीचको तनाव अझ उत्कर्षमा पुगेकोछ भने त्यस क्षेत्रमा थप अस्थिरता र युद्धको संत्रास बढाउने काम गरेकोछ।

कासिम सोलेमानिको पासविक हत्याकाण्डलाई अमेरिकी साम्राज्यवादी सत्ताले एउटा खुंखार आतङ्ककारीको अनत्य गरेको दावी गरेर प्रचारवाजी गर्ने दुष्प्रयत्न समेत गरेको थियो। तर त्यस प्रकारको दावीलाई वाह्य विश्वले मात्र होइन कि बरु स्वयं अमेरिका भित्र नै त्यस्तो दावी फोस्रो सावित हुन पुग्यो र अमेरिकीहरू बीचनै मतान्तरण र अन्तरविरोध उत्पन्न हुन पुग्यो। त्यसको परिणाम स्वरूप अमेरिकाको तल्लो सदन हाउस अफ रेप्रिजेन्टेटिभ्स (कंग्रेस) ले एक विशेष प्रस्ताव पारित गर्दै राष्ट्रपति डोनाल्ड ट्रम्पको युद्ध पिपासु नीति खास गरेर इरान विरुद्ध युद्ध घोषणा गर्ने अधिकारलाई सीमितीकरण गरिदीएकोछ। यता इरान लगायत त्यस क्षेत्रका आम जनसमुदायले युद्ध र नाकाबन्दीका कारण जर्जर बन्न पुगेको अर्थतन्त्रका कारण कष्टकर बन्दै गएको अवस्थाबाट सम्पन्नता हासिल गर्न र युद्धको त्रासदीबाट मुक्त भएर शान्तिपूर्ण जीवन यापन गर्न चाहन्छन। इरानको सत्ताले त्यहांको अर्थव्यवस्थाको जर्जरताका कारणले गर्दा तेल र ग्यासको भण्डार भएको देश भएता पनि राजस्व उठाउन ती वस्तुहरूको मूल्यमा वृद्धि गर्नु पर्ने अवस्था सिर्जना भएकोछ। जुन कार्यको विरोधमा इरानी जनताहरू सडकमा उतरेका थिए र त्यहांको सत्ताले निर्मम दमन र हत्या गरेको थियो।

इरान लगायत त्यस क्षेत्रका देशहरूका न्यायप्रेमी तथा परिवर्तनकामी जनसमुदायहरूले अमेरिकी साम्राज्यवाद लगायत सम्पूर्ण वैदेशिक हस्तक्षेपकारी शक्तिहरूका साथै घरेलु प्रतिकृयावादी शासन सत्ताको दमन र थिचोमिचो बाट उन्मुक्ति प्राप्त गर्नका निम्ति संघर्ष र आन्दोलन गर्दै आएका पनि छन। तर शासन सत्ता परिवर्तन भैहाले पनि पुनस्च फेरी अर्को रूपरंगको जनविरोधी र प्रतिकृयावादी तत्वहरूको हातमा सत्ताको बागडोर पुग्दै आएकोछ। त्यसको पछाडीको मुख्य कारण भनेको आमूल परिवर्तनकारी क्रान्तिकारी शक्तिहरूको प्रभावकारी उपस्थिति नहुनु र भएपनि उनीहरूको अवस्था कमजोर र निर्णायकरूपमा नेतृत्वदायी भूमिका निर्वाह गर्न नसक्ने हुनु नै हो। त्यस क्षेत्रका सम्पूर्ण परिवर्तनकारी र मुक्तिकामी जनसमुदायको युद्ध पिपासु विदेशी साम्राजयवादी शक्तिहरूलाई सदाका लागि त्यहां बाट लखेट्ने र दमनकारी घरेलु प्रतिकृयावादी शासकहरूलाई सत्ताच्युत गरेर जनताको जनवादी राज्य व्यबस्था स्थापना गर्ने संघर्ष र आन्दोलनमा समर्थन, सहयोग र एक्यवद्धता कायम गर्नु संसारभरका क्रान्तिकारी शक्ति र संगठनहरूको नैतिक दायित्व हो र हुनु पर्दछ।

## नेवाः...

गरेको छ।

निर्वाचित कमिटिमा अध्यक्ष श्रीकृष्ण सुलु, उपाध्यक्ष जगदीश्वर महर्जन, सचिव सपना राजथला, सहसचिव तिलक श्रेष्ठ र कोषाध्यक्ष रत्न महर्जन रहेका छन् भने सदस्यहरूमा बोजराज श्रेष्ठ, गोपालदास श्रेष्ठ, ज्ञानेन्द्र प्रजापति, गंगा मानन्धर, अजय बज्राचार्य, निरन तुलाधर, भाजुरत्न शाक्य, प्रेम महर्जन, कृष्ण प्रसाद घेमसु, अर्पना श्रेष्ठ, रविन्द्र श्रेष्ठ, गुणराज श्रेष्ठ लगायत रहेका छन्।

सुर्यबहादुर नकर्मी, सुर्य श्रेष्ठ, गंगा मानन्धर रहेको एक अध्यक्ष मण्डल बनाइएको थियो। अध्यक्ष मण्डलले बन्दसत्र सञ्चालन गरेको थियो। बन्द सत्रमा शिव श्रेष्ठले प्रस्तुत गरेको प्रतिवेदन छलफलपछि एकमतले पारित भएको थियो। मोर्चाका केन्द्रीय अध्यक्ष पवनमान श्रेष्ठले प्रस्तुत गरेको प्यानल एकमतले पारित गरेको थियो। नवनिर्वाचित टिमलाई मोर्चाका केन्द्रीय उपाध्यक्ष गोर्की श्रेष्ठले बधाई दिएका थिए भने नवनिर्वाचित कमिटिको तर्फबाट श्रीकृष्ण सुलुले प्रतिबद्धता मन्तव्य राखेका थिए।

यसअघि सम्पन्न भएको उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रमुख अतिथि सीपी गजुरेल, नेवाः मोर्चाका केन्द्रीय अध्यक्ष तथा विशेष अतिथि पवनमान श्रेष्ठ, क्रान्तिकारी माओवादीका पीवीएम तथा ३ नं. प्रदेशका सचिव प्रवेश, अखिल नेपाल राष्ट्रिय शिक्षक संगठनका केन्द्रीय अध्यक्ष विजयरत्न बज्राचार्य, क्रान्तिकारी युवा लिगका उपाध्यक्ष तथा ३ नं.प्रदेश अध्यक्ष केशव ढलकोटी, अखिल (क्रान्तिकारी)की उपाध्यक्ष तथा ३ नं. प्रदेश संयोजक शिलु न्यौपाने, अखिल नेपाल महिला संघ (क्रान्तिकारी) की सचिव रूपा गेलाल, तामाङ राष्ट्रिय मुक्ति मोर्चाका महासचिव सुरेश तामाङ, क्रान्तिकारी माओवादीका सल्लाहकार सुर्यबहादुर नकर्मी, अखिल नेपाल आदिवासी जनजाति महासंघका प्रतिनिधि कपिल पुन लगायतका नेताहरूले सम्मेलन सफलताको शुभकामना मन्तव्य दिएका थिए।

नेवाः मोर्चाका महासचिव समेत रहेका प्रदेश संयोजक शिव श्रेष्ठको अध्यक्षता र श्रीकृष्ण सुलुको सञ्चालनमा सम्पन्न उद्घाटन सत्रमा मोर्चाका उपाध्यक्ष गोर्की श्रेष्ठ लगायतका नेताहरूको उपस्थिति रहेको थियो।


हार्दिक शुभकामना

नम्युङ, जिवा मुसा वर्ग राष्ट्रिय सोनाम ल्होछार २८५६औं को उपलक्ष्यमा देश विदेशमा रहनुभएका सम्पूर्ण तामाङ दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

बेलबहादुर लुङवा
अध्यक्ष
डाँफे बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेड परिवार
सातदोबाटो, ललितपुर

हार्दिक शुभकामना

नम्युङ, जिवा मुसा वर्ग राष्ट्रिय सोनाम ल्होछार २८५६औं को उपलक्ष्यमा देश विदेशमा रहनुभएका सम्पूर्ण तामाङ दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

गंगाराम तिमल्सिना
वडाध्यक्ष
महाङ्काल गाउँपालिका परिवार
ललितपुर

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।

खोटाङ यातायात प्रा.लि.

काठमाडौंबाट- हलेसी, ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस्।

सम्पर्क–
कोटेश्वर– ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल– ९८५१२४५६८०
दिल्केल– ०३६४२०६७३, ०३६४०२०६८०

रोयल बुईपा A/C जम्बो हाईस

गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का – ९८४२८३७७९३
– ९८१७७१९६९७
ईन्द्र कट्टेल – ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५–४२१६४३
पुरुषोत्तम खनाल – ९८५२८३५६९०
– ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस्।

हिमाल-तराई यातायात सेवा समिति

रिभर्ज चाहिएमा सम्पर्क
सानोभाई थापा - ९८४४२५२३८५

सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०

टाटासुमो बोलेरो

काठमाडौं फोन
०१–५१००४९४
९८४११०६९६७
९८४४४०३१५९

यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ।

सिन्धुली फोन
०४७–५२११६९
०४७–६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४००८४००

## आलोपालो

# भक्तबहादुर श्रेष्ठको सम्झनामा



भक्तबहादुर श्रेष्ठ साम्यवादी आन्दोलनका एक जना स्थापित र चर्चित व्यक्तित्व हुनुहुन्छ । उहाँको जन्म बिस.१९९०मा मकवानपुरमा भएको थियो र मृत्यु २०६८ सालमा भएको थियो । २०११सालमा नेपाल कम्युनिस्ट पार्टीको सदस्यता प्राप्त गर्नुभएका उहाँ जीवनभर नेपाली जनताको मुक्तिका लागि सक्रिय रहनुभयो । २०३०को दशकमा नेपाली कम्युनिस्ट आन्दोलनमा देखापरेका विभिन्न किसिमका घड्काव, विचलन र विभाजनका प्रवृतिहरूका विरुद्ध सङ्घर्ष गर्दै उहाँ नेपाल कम्युनिस्ट पार्टी (चौथो महाधिवेशन) को शेर सिंह नामले महामन्त्री समेत बन्नुभयो । त्यसैगरी क्रान्तिकारी पार्टी निर्माणका क्रममा विकसित भएको नेपाल कम्युनिस्ट पार्टी(मशाल)को पनि उहाँ नेता बन्नुभयो । बहुदलीय व्यवस्थाको स्थापनसँगै विकसित क्रान्तिकारी राजनीतिक यात्रामा उहाँ नेपाल कम्युनिस्ट पा्र्टी (एकताकेन्द्र) र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) सित आबद्ध हुँदै पछिल्लो चरणमा एकीकृत नेपाल कम्युनिस्ट पार्टी(माओवादी)को केन्द्रीय सल्लाहकार समितिको अध्यक्षका रूपमा सक्रिय सहनुभयो ।

सिद्धान्तमा दृढता,व्यवहारमा धैर्य र क्रान्तिकारी निरन्तरता उहाँका महत्वपूर्ण विशेषताहरू हुन् । उहाँले क्रान्तिकारी आशावादका साथ नेपालको कम्युनिस्ट आन्दोलनलाई हेर्नु र बुझ्नुभयो । आरम्भदेखिनै नेपालको कम्युनिस्ट आन्दोलनमा सबै किसिमका विचलन, भडकाव र सबै खाले अवसरवादका विरुद्धको सङ्घर्षमा उहाँ अग्रपङक्तिमा उभिनुभयो । मुलुकभित्रका साथै अन्तराष्ट्रिय कम्युनिस्ट आन्दोलनमा चलेका दुइलाइन सङघर्षमा उहाँ सदैव क्रान्तिकारी कित्ता–मार्क्सवाद–लेनिनवाद–माओवादका पक्षमा उभिनुभयो । वर्गसङघर्षका क्रममा पञ्चायती कालका साथै दसवर्षे जनयुद्धकालमा समेत उहाँले जेल, हिरासत र यातना भोग्नुभयो । वैधानिक र अवैधानिक कामबीच संयोजन गर्ने क्रममा २०५२ पछि उहाँ संयुक्त राष्ट्रिय जनआन्दोलन संयोजन समितिको संयोजकका रूपमा सक्रिय भएर महान् जनयुद्धको पक्षमा दृढतासाथ उभिनुभयो । उहाँ नेपाल कम्युनिस्ट पार्टी (माओवादी) (पछि एकीकृत माओवादी) सित चलेको दुइलाइन सङघर्षमा सदैव क्रान्तिकारी कित्तामा उभिनुभयो । जीवनको अन्तिम घडीसम्म व्यक्तिगत स्वार्थ रलोभबाट मुक्त भएर उहाँ मार्क्सवाद–लेनिनवाद–माओवाद र नेपाली जनताको मुक्तिका पक्षमा अविचल रूपमा डटिरहनु भयो ।


## हार्दिक शुभकामना

नम्युङ, जिवा मुसा वर्ग
राष्ट्रिय सोनाम ल्होछार २८५६औं को उपलक्ष्यमा
देश विदेशमा रहनुभएका सम्पूर्ण तामाङ दाजुभाइ तथा
दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वीरबहादुर लोप्चन
अध्यक्ष

रञ्जना घिमिरे
उपाध्यक्ष

**बागमती गाउँपालिका परिवार**
ललितपुर



## हार्दिक शुभकामना

नम्युङ, जिवा मुसा वर्ग
राष्ट्रिय सोनाम ल्होछार २८५६औं को उपलक्ष्यमा
देश विदेशमा रहनुभएका सम्पूर्ण तामाङ दाजुभाइ तथा
दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गोपीलाल सिंतान
अध्यक्ष

मिङ्मा लामा
उपाध्यक्ष

**कोन्ज्योसोम गाउँपालिका परिवार**
ललितपुर



## हार्दिक शुभकामना

नम्युङ, जिवा मुसा वर्ग राष्ट्रिय सोनाम ल्होछार २८५६औं
को उपलक्ष्यमा देश विदेशमा रहनुभएका सम्पूर्ण तामाङ दाजुभाइ तथा
दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रामचन्द्र दाहाल
अध्यक्ष

कमला लामा तामाङ
उपाध्यक्ष

**महाङ्काल गाउँपालिका परिवार**
ललितपुर



## गोकर्णेश्वर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
जोरपाटी काठमाडौं
३ नं. प्रदेश नेपाल



# सूचना



१. स्वास्थ्य र पौस्टिक खान खाऔ, नियमित स्वास्थ्य जाच गरौ
२. हाम्रो नगरको पहिचान, संस्कृति गौरव र अस्तित्व विशिस्ट मौलिकता बोकेको गोकर्णेश्वर नगर
३. सुशासन, सरसफाई र विकास निर्माणमा सबै स्थानीय जनताहरु जागरुक हउ
४. बच्चा ५ वर्ष नपुगुन्जेल नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी बच्चालाई खुवाउनु पर्ने पोषिलो खानेकुराबाट जानकारी लिई पोषण स्थिति थाहा पाउन तौल लिई वृद्धि अनुगमन गरौ
५. म्याद गएको सामग्रीहरुको बिक्री वितरणमा रोक लगाऔ उपभोक्ताको जीवनसंग खेलवाड नगरौ
६. बोट बिरुवा रोपौ गोकर्णेश्वर नगरपालिकालाई स्वच्छ सफा र हराभरा बनाऔ ।

**भिम बहादुर शाही**
प्रशासन, योजना तथा अनुगमन शाखा
**गोकर्णेश्वर नगरपालिका**








**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।